# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

# Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**परवानीपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

लिपनीमाल, बारा, मधेश प्रदेश, नेपाल

२०७९

## मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)

**प्रकाशक** : **परवानीपुर गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:**

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**सम्पर्कका लागि** : गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा, मधेस प्रदेश, नेपाल

फोन नं.: ०५१–४१०१६३

ईमेल: parwanipurgaupalika@gmail.com

पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०  मितिः- २०७९।०४।११
चलानीः-



## मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐनसमेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै परवानीपुर गाउँपालिकाले पनि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमलगायतका राष्ट्र सङ्घीय निकायहरूको सहयोगमा यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने मौका पाएकोमा हामी गौरवान्वीत छौ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यस गाउँपालिकाले हालसम्म आवधिक योजना तर्जुमा नगरिसकेको सन्दर्भमा गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ, र यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्री रामक्षत्री प्रसाद कुर्मि
अध्यक्ष

फोन नं. ०५१-४१०१६३, ०५१-४१०१८८, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

पत्र संख्या:- २०७९/०८०
चलानी:-

मिति:- २०७९।०४।११



## मन्तव्य

सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सोही अनुरुप परवानीपुर गाउँपालिकाले यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ । मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा साथ शहरीकरणसँगै बढ्दो विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्री सुगान्धी देवी कनुइन
उपाध्यक्ष

पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०

मितिः- २०७९।०४।११

चलानीः-



## प्राक्कथन

गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छ।

विगत दशकहरूमा विपद्का विभिन्न रुपजन्य घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसंघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ र यसको परिपालना गर्ने नेपाल सरकारले पूर्ण प्रतिबद्धता समेत गरेको छ । यसभन्दा बाहेक, दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरू रहेका हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिकामार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, परवानीपुर गाउँपालिकाको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, प्राविधिक सहयोग प्रदान गर्ने संस्था एवम् विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

श्री मुन्ना साह रौनियार

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५१-४१०१६३, ०५१-४१०१८८, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

## विषयसूची

**परिच्छेद एक : परिचय ...... १**
१.१ पृष्ठभूमि ...... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...... १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...... २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ...... २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ...... ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...... ५
**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना ...... ९**
२.१ पृष्ठभूमि ...... ९
२.२ चूनौति तथा अवसर ...... ९
२.३ सोच, उद्देश्य तथा रणनीति ...... १०
२.४ मध्यमकालीन आर्थिक खाका ...... १२
२.५ मध्यमकालीन नतिजा खाका ...... १२
२.६ मध्यमकालीन बजेट खाका ...... १३
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ...... १५
२.८ विषय क्षेत्रगत बाँडफाँट ...... १७
**परिच्छेद तीन : आर्थिक क्षेत्र ...... १८**
**३.१ कृषि तथा खाद्य सुरक्षा ...... १८**
३.१.१ पृष्ठभूमि ...... १८
३.१.२ समस्या तथा चूनौति ...... १८
३.१.३ सोच ...... १८
३.१.४ उद्देश्य ...... १८
३.१.५ रणनीति ...... १८
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १९
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... १९
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... १९
३.१.९ जोखिम पक्ष तथा अनुमान ...... २०
**३.२ सिंचाई ...... २०**
३.२.१ पृष्ठभूमि ...... २०
३.२.२ समस्या तथा चुनौति ...... २०
३.२.३ सोच ...... २०
३.२.४ उद्देश्य ...... २०
३.२.५ रणनीति ...... २०
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २०
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २१
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २१
३.२.९ जोखिम पक्ष तथा अनुमान ...... २१
**३.३ पशु विकास ...... २१**
३.३.१ पृष्ठभूमि ...... २१
३.३.२ समस्या तथा चूनौति ...... २२
३.३.३ सोच ...... २२

३.३.४ उद्देश्य ........ २२
३.३.५ रणनीति ........ २२
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २२
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २२
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २३
३.३.९ जोखिम पक्ष तथा अनुमान ........ २३
**३.४ उद्योग तथा व्यापार ........ २३**
३.४.१ पृष्ठभूमि ........ २३
३.४.२ समस्या तथा चूनौति ........ २३
३.४.३ सोच ........ २३
३.४.४ उद्देश्य ........ २४
३.४.५ रणनीति ........ २४
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २४
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २४
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ २५
**३.५ पर्यटन विकास ........ २५**
३.५.१ पृष्ठभूमि ........ २५
३.५.२ समस्या तथा चूनौति ........ २५
३.५.३ सोच ........ २५
३.५.४ उद्देश्य ........ २५
३.५.५ रणनीति ........ २६
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २६
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २६
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २६
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ २७
**३.६ बैंक, वित्त तथा सहकारी ........ २७**
३.६.१ पृष्ठभूमि ........ २७
३.६.२ समस्या तथा चूनौति ........ २७
३.६.३ सोच ........ २७
३.६.४ उद्देश्य ........ २७
३.६.५ रणनीति ........ २७
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २७
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २८
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २८
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ २८
**३.७ श्रम तथा रोजगारी ........ २८**
३.७.१ पृष्ठभूमि ........ २८
३.७.२ समस्या तथा चनौति ........ २९
३.७.३ सोच ........ २९
३.७.४ उद्देश्य ........ २९
३.७.५ रणनीति ........ २९
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २९

३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २९
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३०
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ३०
**३.८ गरिबी निवारण** ........ ३०
३.८.१ पृष्ठभूमि ........ ३०
३.८.२ समस्या तथा चूनौति ........ ३०
३.८.३ सोच ........ ३०
३.८.४ उद्देश्य ........ ३१
३.८.५ रणनीति ........ ३१
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३१
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३१
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३१
३.८.९ जोखिम पक्ष तथा अनुमान ........ ३२
**परिच्छेद चार : सामाजिक क्षेत्र** ........ ३३
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि** ........ ३३
४.१.१ पृष्ठभूमि ........ ३३
४.१.२ समस्या तथा चूनौति ........ ३३
४.१.३ सोच ........ ३३
४.१.४ उद्देश्य ........ ३३
४.१.५ रणनीति ........ ३३
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३४
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३४
४.१.९ अनुमान तथा जोखिम ........ ३५
**४.२ स्वास्थ्य तथा पोषण** ........ ३५
४.२.१ पृष्ठभूमि ........ ३५
४.२.२ समस्या तथा चूनौति ........ ३५
४.२.३ सोच ........ ३५
४.२.४ उद्देश्य ........ ३५
४.२.५ रणनीति ........ ३६
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३६
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३६
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३७
४.२.९ जोखिम पक्ष तथा अनुमान ........ ३७
**४.३ खानेपानी तथा सरसरफाई** ........ ३८
४.३.१ पृष्ठभूमि ........ ३८
४.३.२ समस्या तथा चूनौति ........ ३८
४.३.३ सोच ........ ३८
४.३.४ उद्देश्य ........ ३८
४.३.५ रणनीति ........ ३८
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३८
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३९
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३९

४.३.९ जोखिमपक्ष तथा अनुमान ........ ३९
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग** ........ ३९
४.४.१ पृष्ठभूमि ........ ३९
४.४.२ समस्या तथा चूनौति ........ ४०
४.४.३ सोच ........ ४०
४.४.४ उद्देश्य ........ ४०
४.४.५ रणनीति ........ ४०
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४०
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४१
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४१
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४२
**४.५ युवा तथा खेलकुद** ........ ४२
४.५.१ पृष्ठभूमि ........ ४२
४.५.२ समस्या तथा चूनौति ........ ४२
४.५.३ सोच ........ ४३
४.५.४ उद्देश्य ........ ४३
४.५.५ रणनीति ........ ४३
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४३
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४३
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४४
**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र** ........ **४५**
**५.१ आवास, भवन तथा शहरी विकास** ........ ४५
५.१.१ पृष्ठभूमि ........ ४५
५.१.२ समस्या तथा चूनौति ........ ४५
५.१.३ सोच ........ ४५
५.१.४ उद्देश्य ........ ४५
५.१.५ रणनीति ........ ४५
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४६
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४६
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ४७
**५.२ सडक, पुल तथा यातायात** ........ ४७
५.२.१ पृष्ठभूमि ........ ४७
५.२.२ समस्या तथा चूनौति ........ ४७
५.२.३ सोच ........ ४७
५.२.४ उद्देश्य ........ ४७
५.२.५ रणनीति ........ ४८
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४८
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ४९
**५.३ जलस्रोत, विद्युत तथा उर्जा** ........ ४९

५.३.१ पृष्ठभूमि ........ ४९
५.३.२ समस्या तथा चूनौति ........ ४९
५.३.३ सोच ........ ४९
५.३.४ उद्देश्य ........ ४९
५.३.५ रणनीति ........ ४९
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४९
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५०
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
६.३.९ जोखिम पक्ष तथा अनूमान ........ ५०
**५.४ सूचना तथा सञ्चार** ........ ५०
५.४.१ पृष्ठभूमि ........ ५०
५.४.२ समस्या तथा चूनौती ........ ५१
५४.३ सोच ........ ५१
५.४.४ उद्देश्य ........ ५१
५.४.५ रणनीति ........ ५१
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५१
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५२
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५२
**परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन** ........ ५३
**६.१ वन, हरियाली, भूसंरक्षण नदि नियन्त्रण** ........ ५३
६.१.१ पृष्ठभूमि ........ ५३
६.१.२ समस्या तथा चूनौति ........ ५३
६.१.३ सोच ........ ५३
६.१.४ उद्देश्य ........ ५३
६.१.५ रणनीति ........ ५३
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५४
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५४
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन** ........ ५४
६.२.१ पृष्ठभूमि ........ ५४
६.२.२ समस्या तथा चुनौति ........ ५५
६.२.३ सोच ........ ५५
६.२.४ लक्ष्य र उद्देश्य ........ ५५
६.२.५ रणनीति ........ ५५
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५५
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५५
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५६
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५६
**६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन** ........ ५६
६.३.१ पृष्ठभूमि ........ ५६
६.३.२ समस्या तथा चूनौति ........ ५६

६.३.३ सोच ........................................ ५७
६.३.४ उद्देश्य ........................................ ५७
६.३.५ रणनीति ........................................ ५७
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ५७
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ५७
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ५८
६.३.९ जोखिम पक्ष तथा अनुमान ........................................ ५८
**परिच्छेद सातः संस्थागत विकास तथा सुशासन क्षेत्र ........................................ ५९**
**७.१ नीति, कानून, न्याय तथा सुशासन ........................................ ५९**
७.१.१ पृष्ठभूमि ........................................ ५९
७.१.२ समस्या तथा चूनौति ........................................ ५९
७.१.३ सोच ........................................ ५९
७.१.४ उद्देश्य ........................................ ५९
७.१.५ रणनीति ........................................ ५९
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ५९
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६०
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६०
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६०
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........................................ ६१**
७.२.१ पृष्ठभूमि ........................................ ६१
७.२.२ समस्या तथा चूनौति ........................................ ६१
७.२.३ सोच ........................................ ६१
७.२.४ उद्देश्य ........................................ ६१
७.२.५ रणनीति ........................................ ६१
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६१
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६१
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६२
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६२
**७.३ राजस्व तथा स्रोत परिचालन ........................................ ६२**
७.३.१ पृष्ठभूमि ........................................ ६२
७.३.२ समस्या तथा चूनौति ........................................ ६२
७.३.३ सोच ........................................ ६२
७.३.४ उद्देश्य ........................................ ६२
७.३.५ रणनीति ........................................ ६२
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६३
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६३
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६३
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६३
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........................................ ६३**
७.४.१ पृष्ठभूमि ........................................ ६३
७.४.२ समस्या तथा चूनौति ........................................ ६४
७.४.३ सोच ........................................ ६४
७.४.४ उद्देश्य ........................................ ६४

७.४.५ रणनीति ........................................................................................................................................... ६४
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................................................... ६४
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................................................................ ६५
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .......................................................................................................... ६५
७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ................................................................................................................... ६५
*अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन* .................................................................................. ६६
*अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन* ................................................ ६७
*अनुसूची ३ : तीन आव को खर्च र स्रोतको अनुमान, कार्यक्रम, आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण* ................................ ७३
*अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण* ............................................................. ७५

## तालिका सूची

तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)......................१२
तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य.........................................१२
तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण .................................................... १४
तालिका २.४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण ........................१५
तालिका २.५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण...................१५
तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ...............१६
तालिका २.७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ...........१६
तालिका २.८: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण...........१६
तालिका २.९: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण ..........................१७

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारको नीति कार्यक्रम, दीर्घकालीन एवम् अल्पकालीन योजनाहरु, रणनीतिक योजनाहरु समेतले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्धत गर्दछ । यसले विभिन्न स्रोतहरुको व्यवस्थापन र आशातित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपाल सरकारले तर्जुमा गरेका विभिन्न कानूनहरु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा यस गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी परवानीपुर गाउँपालिकाको नीति कार्यक्रम, गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानि आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक परवानीपुर गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यत: समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका छन् ।

दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिएको छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिएको छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको

छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

परवानीपुर गाउँपालिकाको पहिलो प्रयासको रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न लागिएको हो । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

ख) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउने ।

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्ने ।

(घ) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउने । र

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- मधेस प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१)

- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच *समृद्ध नेपाल, सुखी नेपाली* सँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई

प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी

अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

स्थानीय सरकारले पनि योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यानदिने अभ्यास क्रमिक रुपमा बढीरहेको छ। परवानीपुर गाउँपालिकाले आफनो नीति कार्यक्रममा बेरोजगारी प्रतिशतलाई दिगो विकास लक्ष्यको सूचकअनुसार बार्षिक रुपमा कम गर्दै जाने लक्ष्य लिएको देखिन्छ ।

परवानीपुर गाउँपालिकाको चालु आर्थिक बर्षको प्रतिब्यक्ति आय १६०० अमेरिकी डलर रहेकोमा आगामि ३ बर्षमा प्रतिब्यक्ति आय वृद्धि गरी आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा प्रतिव्यक्ति औषत आय २००० अमेरिकी डलर पुऱ्याउने लक्ष्य सहित बार्षिक बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । जुन दिगो विकास लक्ष्यको सुचकलाई आधार मानेर तयार गरिएको हो । उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरु देखिएका तथा प्राथमिकतामा राखिएका छन् । मध्यमकालीन खर्च संरचना तर्जुमा र सो अनुरुप वार्षिक बजेट तर्जुमागर्दा यस अघिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकास लक्ष्यका बढी भन्दा बढी सूचकहरुलाई कार्यान्वयन गर्ने कार्यक्रमहरु लागु गर्दै जानु वाञ्छनीय हुन्छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

परवानीपुर गाउँपालिकाले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

### *प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन*

यस परवानीपुर गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न विज्ञ परामर्शदाताको प्राविधिक सहयोग परिचालन गरियो । मध्यमकालीन खर्च संरचना तयारी कार्यमा विज्ञ परामर्शदाताले गाउँ कार्यपालिकाको कार्यालयमै बसेर निर्वाचित पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण

गर्ने, कार्यदल निर्माण गर्ने, गत विगत वर्षको आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत खर्चको अनुमान तथा प्रक्षेपण गर्ने, बजेट सीमा तथा विषयगत शाखा तथा समितिसँग राय परामर्श गरी विषय उपक्षेत्र तथा क्षेत्रको मध्यमकालीन खर्चको मस्यौदा तयार गर्न र एकीकृत मस्यौदा तयार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गरिएको थियो ।

### *प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना
- मधेस प्रदेशको प्रथम आवधिक योजना
- परवानीपुर गाउँपालिकाको नीति कार्यक्रम, कानून तथा प्रतिवेदन आदि ।

### *प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा मिति २०७९ जेष्ठ २० गते तयारी बैठकको आयोजना गरी छलफल गरियो। छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरिएको छ ।

### *प्रक्रिया ४: प्रारम्भिक प्रतिवेदन तथा कार्यक्षेत्र योजना तयारी तथा पेश*

मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा सन्दर्भ सामाग्री अध्ययन् तथा विश्लेषण, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमका प्रतिनिधिहरुसँग छलफल गरी सोको निष्कर्षका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार, दस्तावेजको ढाँचा र कार्ययोजना निर्धारण गरिएको छ ।

### *प्रक्रिया ५: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०७९ जेष्ठ २६ गते एक दिवसीय

अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरिएको छ । सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन समेत गरिएको छ । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

### *प्रक्रिया ६: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/ईकाइसँग परामर्श तथा छलफल गरिएको थियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरिएको छ । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको छ ।

### *प्रक्रिया ७: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरिएको छ । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाका रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराएको थियो।

### *प्रक्रिया ८: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलमाबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

### *प्रक्रिया ९: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/एकाइलाई सुदृढ परियोजनाबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा/एकाइ उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार गरियो। विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ।

### प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्धेश्यले २०७९ असार ३ गते एकदिने कार्यशाला आयोजना गरिएको थियो । यस कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनकासाथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो। त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरण समेत गरियो।

### प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरिएको छ। यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि यस परिमार्जित मस्यौदामा समेटिएको छ।

### प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकाको बैठकमा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरिएको छ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु पन्धौं योजना र मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ।

आर्थिक वर्षका (२०७९/८०-२०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएकोछ।

## २.२ चूनौति तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्धौ योजना, मधेश प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको नीति तथा कार्यक्रमले लिएका उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ। यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारी वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ।

यसका साथै व्यवस्थित शहरीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँ विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माणभई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपद्लेगर्दा अझ बलियो सुरक्षिण निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचना केन्द्रित हुने प्रेरणा दिएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको दीर्घकालीन सौँच तथा योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँ विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण गाउँपालिकाको समावेशी स्थानीय आर्थिक विकास योजना र अन्य क्षेत्रगत रणनीतिक योजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, मधेस प्रदेश सरकारको प्रथम आवधिक योजना एवम् संघ, प्रदेश र गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

***'समुन्नत औद्योगिक नगर, हाम्रो परवानीपुर'***

***'समुन्नत औद्योगिक नगर'*** को संकथनले उन्नत प्रविधियुक्त उद्योगहरुको स्थापना तथा सञ्चालनको माध्यमबाट आत्मनिर्भरता हासिल गरी दिगो, समावेशी र विविधीकृत ब्यवस्थित आर्थिक विकास र आनन्दमय शहरको छविलाई चित्रित गर्दछ । यसभित्र हरित अर्थतन्त्र समेतको अधिकतम प्रवर्द्धन, उत्थानशील पूर्वाधार सञ्जाल तथा सुदृढ बजार प्रणाली र विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् । यो माथिको दीर्घकालीन सोच तय गर्नका लागि यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलको सहजीकरणमा

गाउँ कार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीहरु बीचको छलफलबाट तय गरिएका छन् । दीर्घकालीन सोच प्राप्तिका लागि आवश्य लक्ष्य उद्देश्य तथा रणनीतिहरु समेत कार्यदलको अगुवाईमा गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुको संयुक्त छलफलबाट तय गरी आगामी आवधिक योजनामा समेत तालमेल हुने गरे हाललाई प्रस्ताव गरिएको छ । यस गाउँपालिकाको समग्र सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरुलाई आगामी आवधिक योजनामा यसै सन्दर्भ सामग्रीको आधारमा लगाडी बढ्न यो दस्तावेजलाई आधारको रुपमा लिइनेछ ।

### २.३.२ लक्ष्य

दीर्घकालीन सोचको आधार योजनाको रुपमा दीर्घकालीन योजनामा तय गरिएको गाउँपालिकाको विकासको लक्ष्य देहायअनुसार छन् :

१. गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।
२. जनशक्ति विकास, ज्ञान तथा प्रविधिमा आधारित औद्योगिक अर्थतन्त्रको विकासगर्ने ।
३. हरित, उत्थानशील र समावेशी विकासका लागि सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने ।
४. चुस्त सेवा प्रवाह, सुशासन तथा संस्थागत क्षमता विकासको अभिवृद्धि गर्ने ।
५. सन्तुलित पर्यावरण तथा समावेशी र उत्थानशील पूर्वाधार विकास गर्ने ।
६. लैंङ्गिक, जातीय, वर्गीय तथा सामाजिक बहिष्करणमा परेका समुदायको मुल प्रवाहीकरण गर्ने ।
७. विज्ञान, प्रविधि, नवप्रवर्तन र सूचना तथा सञ्चार क्षेत्रको उच्चतम उपयोग गर्ने ।
८. जलवायु परिवर्तन अनुकूलन र कार्वन तटस्थ उन्मुख विकासको आधार तयार गर्ने ।

### २.३.३ उद्देश्य

१. मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।
२. आर्थिक अवसरहरुलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रतादिने ।
३. भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीको सहज पहुँच स्थापित गर्ने ।
४. प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी परवानीपुरलाई उत्कृष्ठ औद्योगिक गन्तव्यका रूपमा स्थापित गर्ने ।
५. गाउँपालिका बासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी गाउँपालिकालाई एक आदर्श शहरका रूपमा स्थापित गर्ने ।
६. सर्वाङ्गिण विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र सक्षम एवम् उत्प्रेरित मानव संसाधन मार्फत शहरी सुशासन प्रत्याभूती गर्ने ।
७. गाउँपालिका क्षेत्रको सन्तुलित तथा सान्यायिक विकास गर्ने ।

### २.३.४ रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् :

१. न्यून कार्बन उत्सर्जन हुने हरित, उत्थानशील, समावेशी र सन्तुलित विकास अभ्यासको प्रवर्द्धन गर्नु ।
२. आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट पर्यटकीय शहरको निर्माण गर्नु ।
३. शहरी सुबिधायुक्त वातावरणमैत्री शहरी विकासगर्नु ।
४. प्रकृतिमा आधारित विकास निर्माण अभ्यास मार्फत विपद् उत्थानशील पूर्वाधारको विकास गर्नु ।
५. वातावरण संरक्षण प्रति संवेदनशील र जिम्मेवार समाजको निर्माणगर्नु ।

६. फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नविनतम प्रविधिको प्रयोगगर्नु ।
७. सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणालीको विकास गर्नु ।
८. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्नु ।
९. गाउँपालिकाका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको समुचित सहभागिता सुनिश्चितता गर्नु ।
१०. सार्वजनिक सेवाको गुणस्तर सुधार तथा सबै गाउँपालिकावासीको सहज पहुँच कायम गर्नु ।
११. अन्तर-सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिकबीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्यको अभिवृद्धि गर्नु ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, मधेश प्रदेशको "उच्च मानव विकास र पहिचान, समृद्ध मधेश प्रदेश"को सोच र परवानीपुर गाउँपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य*** **(प्रचलित मूल्यमा)**

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | ३४५० | ३६२२ | ३७०० | ३८५० | ३९०० |
| १.१ | *कृषि क्षेत्र* | रु. लाखमा | ३०५० | ३१४२ | ३२०० | ३२५० | ३३०० |
| १.२ | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | रु. लाखमा | ४०० | ४६० | ५०० | ६०० | ६०० |
| २ | औषत पारिवारिक आय | रु. लाखमा | ४.५ | ४.८ | ५ | ५.५ | ६ |
| ३ | अद्योग, व्यवापार र व्यवसाय | संख्या | १५५ | १५६ | १६० | १६५ | १७० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | १५० | १६० | १७५ | १९० | २०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३५ | ३८ | ४० | ५० | ६० |

*स्रोत : गाउँपालिकाको पार्श्वचित्र २०७६*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, मधेश प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको वर्तमान विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | १६० | १५८ | १७० | १८० | २०० |

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| २ | आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | २० | २० | १९ | १७ | १५ |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ६० | ६० | ६२ | ६५ | ७० |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ७७ | ७८ | ८० | ८५ | ९० |
| ५ | साक्षरता दर | प्रतिशत | ७२ | ७२ | ७३ | ७५ | ८० |
| ६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९७ | ९७ | ९७.५ | ९८ | ९९ |
| ७ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ५८ | ६० | ६२ | ६४ | ६६ |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | २२ | २२ | २१ | २० | २० |
| १० | कुपोषण दर | संख्या | ४ | ४ | ४ | ३ | २ |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला | प्रतिशत | १० | १० | ९ | ८ | ७ |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २० | २० | २२ | २५ | ३० |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २० | २० | २२ | २५ | ३० |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ८० | ८० | ८२ | ८५ | ९० |
| १७ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ७५ | ७६ | ८० | ८५ | ९० |
| १८ | आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको प्रतिशत | प्रतिशत | २५ | २४ | २२ | २० | १५ |
| १९ | हरियाली क्षेत्र | प्रतिशत | ०.५ | ०.६ | १ | २ | ३ |
| २० | गाउँपालिका को नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ५६ | ६० | ६५ | ७० |
| २१ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ४४ | ४४ | ४५ | ४७ | ५० |
| २२ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| २३ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ५० | ५५ | ६० | ७५ | ९० |
| २४ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा तथा एकाइ | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

*स्रोत: स्थानीय तहको दस्तावेज र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रथम प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान

गरिएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ ।

गाउँपालिकाका गौरवका आयोजना, रुपान्तरणकारी आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को बजेट राजस्व तथा विनियोजन र बैशाख मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको मस्यौदा नीति कार्यक्रम बमोजिमको लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा खानी तथा खनिज) र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १६६,८०,३५,००० व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

***तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| **राजस्व तथा अनुदान** | ३४६८५२ | ४४९९२३ | ४३२१३९ | ५०६६६९ | ५५७२२० | ६०४१४६ | १६६८०३५ |
| **आन्तरिक आय** | १०३९९८ | १६९००० | १३५३३९ | ३१२४८ | १३७४३२ | १६१०६४ | ३२९७४४ |
| **राजस्व बाँडफाँडबाट प्राप्त आय** | ५५७०१ | ५५३२७ | ५५०८५ | ६६४४२ | ५८८०० | ६१७४० | १८६९८२ |
| *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | ५३२०० | ५२८२५ | ५३१९८ | ६४४४२ | ५६७०० | ५९५३५ | १८०६७७ |
| *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | २५०१ | २५०२ | १८८७ | २००० | २१०० | २२०५ | ६३०५ |
| **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ९८ | १०० | ५२ | २५०१० | २५०१० | ५००७२ |
| *वन रोयल्टी* | ० | ० | ० | ५२ | २५०१० | २५०१० | ५००७२ |
| *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *विद्युत रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ९८ | १०० | ० | ० | ० | ० |

| बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | १७०१९९ | २०५५६९ | २२९७२० | ३१६३०० | ३२२६७० | ३४२३५८ | ९८१३२८ |
| *वित्तीय समानीकरण अनुदान* | ९५४०० | ९७९०० | १०३४०० | १०९१०० | १२००१० | १३२०११ | ३६११२१ |
| *सशर्त अनुदान* | ७४७९९ | १०७६६९ | १०५५२० | १०५२०० | ११०४६० | ११५९८३ | ३३१६४३ |
| *समपुरक अनुदान* | ० | ० | ४२०० | ४००० | ४००० | ४४०० | १२४०० |
| *विशेष अनुदान* | ० | ० | १६६०० | ९८००० | ८८२०० | ८९९६४ | २७६१६४ |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | १६९५४ | १९९२९ | ११८९५ | १२६२७ | १३३०८ | १३९७४ | १६७६९ |
| *वित्तीय समानीकरण अनुदान* | ६९५४ | ६९२९ | ६८९५ | ७६२७ | ८००८ | ८४०९ | १००९१ |
| *सशर्त अनुदान* | ५००० | ८००० | ० | ० | ० | ० | ० |
| *समपुरक अनुदान* | ३००० | २००० | २००० | २००० | २००० | २१०० | २५२० |
| *विशेष अनुदान* | २००० | ३००० | ३००० | ३००० | ३३०० | ३४६५ | ४१५८ |
| **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| **अन्तर स्थानीयतहबाट साझेदारी** | ० | ० | ० | ० | ० | ० | ० |
| **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| **ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| **नगद मौज्दात** | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा खर्च** | १५७१९६ | ३०२०२८ | १९४८९० | ५०६६६९ | ५५७२२० | ६०४१४६ | १६६८०३५ |
| चालु खर्च | १११६९० | १४४०८९ | १०८३०६ | ३११८५५ | ३४२९६९ | ३७१८५२ | १०२६६७६ |
| पुँजीगत खर्च | ४५५०६ | १५७९३९ | ८६५८४ | १९४८१४ | २१४२५१ | २३२२९४ | ६४१३६० |
| बचत बजेट | १८९६५६ | १४७८९५ | २३७२४९ | ८०००० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

यस गाउँपालिकाको आवधिक योजना तर्जुमा नभएको हुँदा रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ विवरण खाली प्रस्तुत गरिएको छ ।

***तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

| रणनीतिक स्तम्भ | कार्यक्रम संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रक्षेपण | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | | | | | | | |
| **जम्मा** | ० | ० | ० | ० | ० | ० | ० |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २९ | १९५४९० | ३९ | २०३०२४ | ३६ | २०७८०४ | ३४ |
| प्राथमिकता दोश्रो (P2) | २६ | ३१११७९ | ६१ | ३५४१९६ | ६४ | ३९६३४२ | ६६ |
| **जम्मा** | **५५** | **५०६६६९** | **१००** | **५५७२२०** | **१००** | **६०४१४६** | **१००** |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ७ | २१६६६ | ४ | २२५०२ | ४ | २४१४४ | ४ |
| २ | शून्य भोकमरी | २ | १५९९९ | ३ | १६७१७ | ३ | १८१२४ | ३ |
| ३ | स्वस्थ जीवन | ७ | ५३३३० | ११ | ५५७२२ | १० | ६०४१५ | १० |
| ४ | गुणस्तरीय शिक्षा | ४ | ७४६६२ | १५ | ७८०११ | १४ | ८४५८० | १४ |
| ५ | लैङ्गिक समानता | ९ | १३९९९ | ३ | १४७१६ | ३ | १६१२४ | ३ |
| ६ | स्वच्छ पानी र सरसफाइ | २ | १५९९९ | ३ | १६७१७ | ३ | १८१२४ | ३ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ५३३३ | १ | ५५७२ | १ | ६०४१ | १ |
| ८ | समावेशी आर्थिक वृद्धि, मर्यादित काम | ५ | १७१६६ | ३ | १८००२ | ३ | १९६४५ | ३ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १ | १३३३५९ | २६ | १६७१६६ | ३० | १८१२४४ | ३० |
| १० | असमानता न्यूनीकरण | १ | ५०० | ० | ५०० | ० | ५०० | ० |
| ११ | दिगो शहर र बस्ती | ६ | ५१३२९ | १० | ५४०८० | १० | ५९४७७ | १० |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १०००० | २ | १०००० | २ | १०००० | २ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ३ | ५३३३ | १ | ५५७२ | १ | ६०४१ | १ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | २६६७ | १ | २७८६ | ० | ३०२१ | १ |
| १६ | शान्ति, न्याय र सबल संस्था | ३ | ६९३२९ | १४ | ७२४३९ | १३ | ७८५३८ | १३ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | १५९९८ | ३ | १६७१८ | ३ | १८१२८ | ३ |
| | **कुल जम्मा** | ५५ | ५०६६६९ | १०० | ५५७२२० | १०० | ६०४१४६ | १०० |

## घ. लैंङ्गिक संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ ।

***तालिका २.७ : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ८ | १५००० | ३ | १५००० | ३ | १५००० | २ |
| सहयोगी | १७ | १५३३२० | ३० | १६४३८८ | ३० | २०९१५७ | ३५ |
| तटस्थ | ३० | ३३८३४९ | ६७ | ३७७८३२ | ६८ | ३७९९८९ | ६३ |
| **जम्मा** | **५५** | **५०६६६९** | **१००** | **५५७२२०** | **१००** | **६०४१४६** | **१००** |

## ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

***तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| जलवायु परिवर्तन संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ७ | ३१९९८ | ६ | ३३४३३ | ६ | ३६२४८ | ६ |
| सान्दर्भिक | १५ | २७११८१ | ५४ | ३१४२६४ | ५६ | ३६३५९४ | ६० |

| जलवायु परिवर्तन संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| तटस्थ | ३३ | २०३४९० | ४० | २०९५२३ | ३८ | २०४३०४ | ३४ |
| **जम्मा** | **५५** | **५०६६६९** | **१००** | **५५७२२०** | **१००** | **६०४१४६** | **१००** |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ ।

***तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

| उपक्षेत्र | आगामी आ.व.२०७९/८० को व्यय अनुमान | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| कृषि तथा खाद्य सुरक्षा | १५९९९ | १३५९९ | २४०० | १६७१७ | १४२०९ | २५०८ | १८१२४ | १५४०५ | २७१९ |
| सिंचाई | ८००० | ६८०० | १२०० | ८३५८ | ७१०४ | १२५४ | ९०६२ | ७७०३ | १३५९ |
| पशुपंक्षी सेवा | ५३३३ | ४५३३ | ८०० | ५५७२ | ४७३६ | ८३६ | ६०४१ | ५१३५ | ९०६ |
| उद्योग र व्यापार व्यवसाय | ५३३३ | ४५३३ | ८०० | ५५७२ | ४७३६ | ८३६ | ६०४१ | ५१३५ | ९०६ |
| पर्यटन तथा संस्कृति | १०६६६ | ९०६६ | १६०० | १११४४ | ९४७२ | १६७२ | १२०८३ | १०२७१ | १८१२ |
| भूमि सहकारी र वित्तसेवा | २६६७ | २२६७ | ४०० | २७८६ | २३६८ | ४१८ | ३०२१ | २५६८ | ४५३ |
| श्रम, रोजगारी | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० | २००० | १७०० | ३०० |
| गरिवी निवारण | ३३३३ | २८३३ | ५०० | ३५७२ | ३०३६ | ५३६ | ४०४१ | ३४३५ | ६०६ |
| शिक्षा, कला, भाषा साहित्य | ७४६६२ | ५५९९७ | १८६६६ | ७८०११ | ५८५०८ | १९५०३ | ८४५८० | ६३४३५ | २११४५ |
| स्वास्थ्य तथा पोषण | ५३३३० | ३९९९८ | १३३३३ | ५५७२२ | ४१७९२ | १३९३१ | ६०४१५ | ४५३११ | १५१०४ |
| खानेपानी तथा सरसफाई | १५९९९ | ११९९९ | ४००० | १६७१७ | १२५३८ | ४१७९ | १८१२४ | १३५९३ | ४५३१ |
| महिला बालिका समावेशी | १०६६६ | ८००० | २६६७ | १११४४ | ८३५८ | २७८६ | १२०८३ | ९०६२ | ३०२१ |
| युवा तथा खेलकुद | ५३३३ | ४००० | १३३३ | ५५७२ | ४१७९ | १३९३ | ६०४१ | ४५३१ | १५१० |
| बस्ती विकास भवन शहरी | ५८६६३ | २०५३२ | ३८१३१ | ६१२९४ | २१४५३ | ३९८४१ | ६६४५६ | २३२६० | ४३१९६ |
| सडक तथा यातायात | १३३३५९ | ४६६७६ | ८६६८३ | १६७१६६ | ५८५०८ | १०८६५८ | १८१२४४ | ६३४३५ | ११७८०९ |
| जलश्रोत विद्युत् र स्वच्छ ऊर्जा | ५३३३ | १८६७ | ३४६६ | ५५७२ | १९५० | ३६२२ | ६०४१ | २११४ | ३९२७ |
| सूचना, सञ्चार प्रविधि | १५९९९ | ५६०० | १०३९९ | १६७१७ | ५८५१ | १०८६६ | १८१२४ | ६३४३ | ११७८१ |
| वन हरियाली, भूसंरक्षण नदी | २६६७ | २४०० | २६७ | २७८६ | २५०७ | २७९ | ३०२१ | २७१९ | ३०२ |
| वातावरण फोहोरमैला व्यवस्थापन | ५३३३ | ४८०० | ५३३ | ५५७२ | ५०१५ | ५५७ | ६०४१ | ५४३७ | ६०४ |
| विपद जलवायु परिवर्तन | २६६७ | २४०० | २६७ | २७८६ | २५०७ | २७९ | ३०२१ | २७१९ | ३०२ |
| नीति, कानून, सुशासन | ५३३३ | ५३३३ | ० | ५५७२ | ५५७२ | ० | ६०४१ | ६०४१ | ० |
| संगठन, मानव संशाधन | ४७९९७ | ४७९९७ | ० | ५०१५० | ५०१५० | ० | ५४३७३ | ५४३७३ | ० |
| राजस्व सुधार परिचालन | ५३३३ | ५३३३ | ० | ५५७२ | ५५७२ | ० | ६०४१ | ६०४१ | ० |
| तथ्याङ्क, योजना विकास | १०६६४ | १०६६४ | ० | १११४६ | १११४६ | ० | १२०८७ | १२०८७ | ० |
| **कुल जम्मा** | **५०६६६९** | **३१८९२५** | **१८७७४४** | **५५७२२०** | **३४२९६९** | **२१४२५१** | **६०४१४६** | **३७१८५३** | **२३२२९३** |

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ । यस परिच्छेदमा हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन् ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

परवानीपुर क्षेत्र ऐतिहासिक काल देखि नै कृषिजन्य उत्पादन तथा खाद्य सुरक्षाका दृष्टिले समृद्ध क्षेत्र हो । समथर तराई, उच्चस्तरको उर्वरता, अधिक उत्पादकत्व, सहज सिंचाई सुबिधा, मौषमी वर्षा र हावापानी भएका कारण कृषि परवानीपुरको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहकमध्ये एक हो । अन्नबालीमा धान मकै गहु, दलहनबालीमा सिमि, रहर, मुसुरो तथा नगदेबालीको रुपमा तोरी आलस उत्पादन हुने गर्दछ । सीमान्त वडाहरूमा (बजार क्षेत्रको मुख्य केन्द्र बाहिर) कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ। साना तथा ठुला उद्योग तथा बजार स्थानीय स्तरमै रहेका कारण बजारीकरणका लागि तुलनात्मक रुपमा सहज रहेको छ । गाउँपालिकाले कृषिलाई आधुनिक र व्यवसायिक रुपमा विस्तार गर्न विभिन्न पकेट क्षेत्र पहिचान गरि उत्पादन बृद्धि गर्ने लक्ष्य लिएको छ ।

### ३.१.२ समस्या तथा चूनौति

उर्वरशिल जमिनको व्यापकता रहेको यस क्षेत्रमा कृषि क्षेत्र संकुचित हुँदै गएको छ । कम गुणस्तरको विउ, रासायनिक तथा प्रागाढिक मलको अभाव तथा उचित स्याहार तथा औषधी उपचार परामर्श सेवाको कमी र उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्नका लागि पर्याप्त चिस्यान केन्द्रको कमी रहेको छ । कृषि उपजको उत्पादन मुल्य र उपभोक्ता मुल्यबीच अन्तर उच्च रहने गरेको छ ।
स्थानीय सरकार र सम्बन्धित पक्षबाट अव्यवस्थित बजारको व्यवस्थापन र अनुगमन प्रभावकारी हुन नसक्दा कृषि उपजको बजारमा सीमित व्यवसायी र बिचौलियको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतिपूर्ण भएको छ ।

### ३.१.३ सोच

"सवल सक्षम किसान, दिगो कृषि उत्पादन"

### ३.१.४ उद्देश्य

१. किसानहरूलाई संगठित गरी विज्ञ संस्थाहरुको सहकार्यमा कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्नु ।
२. स्थानीयतहमा कृषि सामग्रीको सहज उपलब्धता तथा उत्पादित वस्तुको बजारीकरणका लाीग बजार प्रणाली विकास गर्नु
३. कृषि सहकारीको माध्यमबाट उन्नत प्रविधि सहितको कृषि प्रणालीबारेमा प्रयोगात्मक अनुशिक्षण गरी व्यवसायिकता अभिवृद्धि गर्नु ।

### ३.१.५ रणनीति

१. उन्नत कृषि प्रणाली प्रयोगमा ल्याउने,
२. कृषि उत्पादनलाई बर्गिकरण गरी पकेट क्षेत्र पहिचान तथा परिचालन गर्ने

३. कृषि पुर्वाधारको विकासका लागि संघ र प्रदेशसँग सहकार्य गर्ने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | ०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ८० | ९० | १०० | ११० | १२० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | १५ | १३ | १२ | १० | ८ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | ६० | ७० | ९० | १०० | ११० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | २२ | ३० | ३५ | ४० | ४५ |
| कुल कृषिभूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ७५ | ७५ | ७६ | ७७ | ७७ |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | ५० | ५० | ५५ | ५८ | ६० |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | २ | २ | २.५ | २.५ | ३ |
| कुल तरकारी उत्पादन | मे.टन | १५ | १५ | १६ | १७ | २० |

**स्रोतः परवानीपुर गाउँपालिकाको पार्श्वचित्र**

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९९९ | १३५९९ | २४०० | ० | ५९१३ | ९४८९ | ५९७ | ० |
| २०८०/८१ | १६७१७ | १४२०९ | २५०७ | ० | ६४२० | ९६८० | ६१६ | ० |
| २०८१/८२ | १८१२४ | १५४०६ | २७१९ | ० | ७२०६ | १०२७१ | ६४७ | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तरकारीबाली साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | साना तथा मझौला कृषि व्यवसायी प्रवर्द्धन गर्नु । | २०७९/८०-२०८१/८२ | ९००० | पकेट क्षेत्र पहिचान भई ५० जना कृषकले व्यवसायिक तरकारीवाली उत्पादन गरेका हुनेछन् । |
| २ | कृषि विकास प्रवर्द्धन अन्य सालवसाली कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | ४१८४० | कृषि उत्पादन ४० प्रतिशतबाट बृद्धि भई ४५ प्रतिशत बढेको हुनेछ । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका व्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ । कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषिजन्य उत्पादनमा नयाँ प्रकोपहरु आउन सक्ने सम्भावना समेत रहन्छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

परवानीपुर क्षेत्रमा भुमिगत सिचाईको प्रचुर सम्भावना छ । प्रत्येक वडामा डिपट्युवेल तथा निजी रुपमा बोरिङहरु रहेका छन् । कुल कृषियोग्य भूमिमध्ये करिब ५० प्रतिशत भन्दा बढि क्षेत्रमा बाह्रै महिना नियमित सिंचाई सुविधाको पहुँच रहेको छ । सिंचाई सुबिधा विस्तारका लागि सबै तहका सरकारहरुको साथ तथा सहयोग हुँदै आएको छ । हाल सिंचाईका लागि गाउँपालिका तथा प्रदेश सरकारबाट समेत नहर तथा निजी भुमिगत बोरिङहरु समेत अनुदान प्रदान हुदै आएको छ ।

### ३.२.२ समस्या तथा चुनौति

गाउँपालिका भित्रका खेति योग्य जमिन सिचाईको पहुँच भएपनि संञ्चालन ब्यवस्थापन समस्याका कारण प्रयोगविहीन बन्दै गएका छन् । सिंचाई सुबिधाको न्यायोचित वितरण तथा सहज उपलब्धतामा कमी रहेको छ । सिंचाई आयोजनाको दिगो उपयोग, मर्मत सम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ । समथर फाँट भन्दा माथिको सुख्खा क्षेत्रमा सिंचाई सुविधाका लागि वैकल्पिक सिंचाई सुबिधाको व्यवस्था हुन सकेको छैन ।

### ३.२.३ सोच

“दिगो पुर्वाधार सहितको ब्यवस्थित सिंचाई”

### ३.२.४ उद्देश्य

१. गाउँपालिकामा सञ्चालनमा रहेका नहर तथा सिंचाई प्रणालीहरूको समुचित मर्मत, सम्भार तथा दिगो ब्यवस्थापन गर्नु ।
२. सिंचाई सुविधा नपुगेका विपन्न तथा दुर्गम वडा क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु ।

### ३.२.५ रणनीति

१. भुमिगत जल तथा ताल पोखरीको संरक्षण गर्ने
२. सिचाई प्रणालीलाई आधुनिकिकरण तथा प्रविधियुक्त बनाउने
३. साना तथा मझौलो सिचाई आयोजनामा समुदाय तथा गाउँपालिकाको साझेदारीमा कार्यान्वयन गर्ने प्रकृया अवलम्वन गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको वास्तविक उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ४५ | ४५ | ४८ | ५० | ५५ |
| सूचारु सिंचाई आयोजना | संख्या | ४ | ५ | ५ | ६ | ६ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८००० | ६८०० | १२०० | ० | २९५७ | ४७४५ | २९९ | ० |
| २०८०/८१ | ८३५८ | ७१०५ | १२५४ | ० | ३२१० | ४८४० | ३०८ | ० |
| २०८१/८२ | ९०६२ | ७७०३ | १३५९ | ० | ३६०३ | ५१३५ | ३२४ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण, मर्मत संभार तथा अन्य कार्यक्रम | बर्षभरी सिचाई सुविधा विकास र विस्तार गर्नु | सालबसाली | २५४२० | कुल खेति योग्य जमिनको ३० % क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको बार्षिक बजेट कार्यक्रममा सिचाईलाई प्राथमिकताका साथ तर्जुमा गरेको छ । व्यवसायीक कृषकहरुबाट समेत आफनै पहलमा सिचाई सेवा विस्तार गरिनेछ । मौषम परिवर्तनका कारण बर्षायाममा डुवान तथा हिउदमा अत्यन्ते सुख्खा खडेरी हुने कारणले गर्दा भुमिकगत सिचाईका पुर्वाधारबाट पानीको मात्रा घट्न तथा क्षति हुन सक्ने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

पशुपन्छी पालन परवानीपुरको प्रमुख आर्थिक गतिबिधि मध्ये एक हो । यस क्षेत्रमा गाई गोरु, भैसी, राँगो, बाखा, हासँ तथा कुखुरा पालन गर्दै आएका छन् । मासु तथा अण्डाको लागि स्थानीय बजारको राम्रो सुबिधा उपलब्ध रहेको छ । गाउँपालिकामा स्थानीय पशुजन्य उत्पादन (खासगरी दूध, अण्डा, माछा र मासु) को माग बढ्दै गएको छ भने पछिल्ला दिनमा स्थानीय उत्पादनमा आत्मनिर्भरता उन्मुख रहेको छ । पशुपालन गर्ने कृषकका लागि गाउँपालिकाले तालिम, प्राविधिक सहयोग, अनुदान सहयोग प्रदान गर्नुका साथै पशु बिमा तथा नियमित प्राविधिक सहायता उपलब्ध गराउदै आएको छ ।

### ३.३.२ समस्या तथा चूनौति

पशुपंक्षी पालनका लागि लागत महंगो हुदै आएको र दानापानी घासमा समेत लगानी गर्नुपरेकोले उत्पादनमा लागत बढ्ने गरेको छ। स्थानीय मासु बजारमा मूल्यको अस्थिरता, महामारी एवम् उत्पादन मूल्य र उपभोक्ता मूल्यबीचको अन्तर उच्च रहने गरेको छ। पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ । उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशु पालन ऋणको व्यवस्थामा कमी हुनुका साथै पशुपालनमा समेत मासु, दूध, अण्डामा आत्मनिर्भर हुन सकेको छैन ।

### ३.३.३ सोच

"दिगो तथा उन्नत पशुपालन, सक्षम किसान"

### ३.३.४ उद्देश्य

१. किसान, कृषि सहकारी तथा ब्यवसायीहरुको क्षमता विकास गरी नाफामुलक ब्यवसायको रुपमा स्थापना गर्नु
२. गाउँपालिकाको नीति कार्यक्रम अनुसार पशुपालन पकेट पहिचान गरी पूर्वाधार विकास गर्नु
३. पशुपालन सँग सम्बन्धीत बजारीकरणलाई सुधार गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।

### ३.३.५ रणनीति

१. पशुपालनको व्यावसायिक पकेट क्षेत्र पहिचान तथा निर्माण गर्ने ।
२. पशुपालन व्यवसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना हस्तान्तरणका लागि मोवाइल सेवा प्रदान गर्ने ।
३. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्दन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ६० | ६० | ६५ | ७० | ८० |
| व्यवसायिक फर्मको संख्या | संख्या | २० | २० | २५ | ३० | ३५ |
| बार्षिक दुधको उत्पादन | मे.टन | ७५ | ७५ | ७८ | ८० | ८५ |
| बार्षिक मासु उत्पादन | मे.टन | ५ | ५ | ७ | १० | १५ |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ० | ० | ३ | ४ | ५ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ४५३३ | ८०० | ० | १९७१ | ३१६३ | १९९ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५५७२ | ४७३६ | ८३६ | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | ५१३५ | ९०६ | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक बाखा गाई भैसी पालन पकेट विकास कार्यक्रम | पशुपन्छी जन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाउनु | सालबसाली | ६००० | पशुपन्छीजन्य उत्पादन १०% ले बृद्धी हुनेछ। |
| २ | पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा अन्य कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | १०९४७ | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ। नयाँ ब्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उचित स्याहार, आहार तथा गोठका लागि प्रयाप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

मधेस प्रदेशको औद्योगिक तथा व्यापारिक क्षेत्र एवम् विरगञ्ज महानगर तथा जीतपुर सिमरा उपमहानगरसँग जोडिएको औद्योगिक हवका रुपमा परिचित परवानीपुर क्षेत्रमा लघु, साना, मझौला तथा ठूला उद्योगहरु र सबैस्तरका व्यापार व्यवसाय सञ्चालनमा रहेका छन्। राजमार्ग क्षेत्रमा करिव १०० भन्दा बढी उद्योग सञ्चालनमा रहेका छन। उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरू र थोक तथा खुद्रा व्यापारले यस गाउँपालिकाको अर्थतन्त्रलाई चलायमान बनाएको छ।

उद्योग-व्यवसाय तथा व्यापार क्षेत्रले गाउँपालिकाको कृषि तथा पशुपालन सँग सम्बन्धीत उत्पादन स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू गरी बजारीकरण बलियो बनाउन सहयोग गरेको छ।

### ३.४.२ समस्या तथा चूनौति

यस गाउँपालिका क्षेत्रमा सञ्चालित उद्योग कारखानाहरु सङ्घीय तथा प्रदेश कार्यालयबाट नियमन भई सञ्चालनमा आउका हुनाले गाउँपालिकासँगको सहकार्य समन्वयमा वेवास्ता भएको पाईएको छ। यस क्षेत्रमा औद्योगिक हवको रुपमा विकास भएता पनि स्थानीय लघु तथा कुटिर उद्योगहरुले फस्टाउने तथा प्रतिस्पर्धा गर्ने मौका पाउन सकेका छैनन्।

### ३.४.३ सोच

"दिगो तथा रोजगारमुलक स्थानीय उद्योगको प्रवर्द्धन"

### ३.४.४ उद्देश्य

१. गाउँपालिकाको उद्योग तथा व्यापार नीति तर्जूमा गर्नु
२. गाउँपालिका भित्रका निजी क्षेत्र, समुदाय तथा सहकारीको को सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना उद्योगहरू प्रवर्द्धन गर्नु ।

### ३.४.५ रणनीति

१. उद्योग व्यापारको नियमन तथा सहजिकरणका लागि गाउँपालिकाको कार्यविधि तथा संयुन्त्र निर्माण गर्ने ।
२. आत्मनिर्भरता उन्मुख अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई प्रभावकारी बनाउने ।
५. स्वच्छ ऊर्जा, फोहोरमैला प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरूको विकास गरि सक्षम अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखितआगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | २५०० | २५०० | २७०० | २७०० | ३००० |
| गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | १५५ | १६० | १६५ | १७० | २०० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | ७०० | ८५० | ९०० | १००० | १२०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | ० | २ | ३ | ४ | ५ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ० | ० | ० | ० | ० |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ४५३३ | ८०० | ० | ११७१ | ३१६३ | ११९ | ० |
| २०८०/८१ | ५५७२ | ४७३६ | ८३६ | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | ५१३५ | ९०६ | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन आयोजना | क्षमता अभिवृद्धि, उत्पादकत्व बृद्धी भै स्थानीय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ९००० | व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा २० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | ब्यापार व्यवसाय प्रवर्द्धन तथा अन्य कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरी गुणात्मक ब्यबसाय बृद्धि गर्ने | सालबसाली | ७९४७ | व्यवसाय करबाट संकलित राजस्वमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवर्द्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ। उत्पादन मुखि उद्योगमा लगानी र कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

बारा जिल्लामा देशकै प्रख्यात धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन भने यस गाउँपालिकामा समेत २६ वटा धार्मिक तथा पर्यटकीय स्थलहरु रहेका छन्। धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलमा सडकको पहुँच पुगेको तर वरीपरी स्तरीय होटल, लज, रेष्टुराँ नभएको पाइएको छ भने केन्द्रबाट नजिकको वजार ४ किमिको दुरीमा रहेका छन्। सामुदायिक स्वामित्वमा रहेका उक्त धार्मिक तथा ऐतिहासिक स्थलहरुमा वार्षिक ५०,००० सम्म पर्यटकहरुको आगमन हुने गरेको छ।

पर्यटकीय आगन्तुकहरुको लागि यस गाउँपालिकामा स्तरीय होटल नभएको तथ्यांकले देखाएको छ। सामान्य चिया, खाजा, भोजनालय तथा पार्टी प्यालेस रहका छन्।

### ३.५.२ समस्या तथा चूनौति

धार्मिक पर्यटन क्षेत्र भएकोले मौसमी एवम् अस्थिर प्रकृतिको पर्यटकीय आगमन, अपर्याप्त पूर्वाधार तथा पर्यटकीय सेवा र पर्यटकीय क्षेत्रमा हार्दिक परवानीपुरको पर्यटन विकासका प्रमुख समस्याहरु हुन्। गाउँपालिका भित्र छरिएर रहेका धार्मिक पर्यटकिय क्षेत्र सम्म जान आउन जोड्ने पक्की एवम् सुरक्षित सडक निर्माण एवम् नियमित यातयातको कमी रहेको छ। कोभिड १९ लगायतका महामारी र प्राकृतिक प्रकोपको कारण समय समयमा पर्यटकीय क्षेत्रमा नकारात्मक असर पर्ने गरेको छ।

पर्यटन प्रवर्द्धनमा स्थानीय सरकार, नेपाल पर्यटन वोर्ड एवम् निजी क्षेत्रका उद्योग वाणिज्य, पर्यटन विकासमा संलग्न सामुदायिक तथा व्यवसायी संघ संस्थाहरूबीच उपयुक्त ब्रान्ड सहित प्रवर्द्धनात्मक कार्यक्रममा सहकार्यका लागि आवश्यक पहलकदमीको कमी रहेको छ।

### ३.५.३ सोच

"क्षेत्रीय धार्मिक पर्यटकीय गन्तव्य"

### ३.५.४ उद्देश्य

१. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न गाउँपालिकामा कानुनी र संस्थागत संरचना निर्माण गर्नु
२. बदलिँदो परिवेश अनुसार धार्मिक पर्यटनको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्नु।
३. परवानीपुर क्षेत्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु।

### ३.५.५ रणनीति

१. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।
२. धार्मिक पर्यटन सम्बद्ध निजी संघसंस्था र अन्य सरोकारवालाहरू सँगको सहकार्यमा पर्यटकीय सेवाको गुणस्तर सुधार तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
३. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्द्धन र विस्तार गर्ने ।
४. ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको वास्तविक उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवस्थित र स्तरीय धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ४ | ४ | ५ | ७ | १० |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र साईक्लीङ रुट | संख्या | २ | २ | २ | २ | ३ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०६६६ | ९०६६ | १६०० | ० | ३९४२ | ६३२६ | ३९८ | ० |
| २०८०/८१ | ११९४४ | ९४७३ | १६७२ | ० | ४२८० | ६४५३ | ४११ | ० |
| २०८१/८२ | १२०८३ | १०२७० | १८१२ | ० | ४८०४ | ६८४७ | ४३१ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पर्यटन प्रवर्द्धन अन्य सालबसाली कार्यक्रम | धार्मिक पर्यटकीय सेवा, सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | ३३८९३ | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ ।
कोभिड १९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाको पार्श्वचित्र अनुसार गाउँपालिका भित्र २ बाणिज्य बैंक, २ विकास बैक तथा लघुवित्त संस्थाहरु गरि २० भन्दा बढी वित्तीय संस्थाहरूका शाखा कार्यालय सञ्चालनमा रहेका छन् भने कुल ५ हजार बढी खाताहरु सञ्चालनमा रहेको देखिन्छ । पछिल्लो समय बिमा कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको छ। बैंक, वित्तीय संस्था एवम् सहकारीहरुले औपचारिक कारोवार, कर्जा सुविधा र बचतको प्रवृतिलाई प्रवर्द्धन गरेका छन् ।

### ३.६.२ समस्या तथा चूनौति

बैंक, वित्तीय संस्था एवम् सहकारीहरुको संख्या तथा कारोवार उच्च रहेको भएता पनि अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनिय रहेको छ । वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच रहेको छैन । घरेलु तथा साना उद्योग र सीमान्तकृत समुदायमा सर्वसुलभ वित्तीय सेवामा न्यून पहुँच रहेको छ ।
वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सहायता केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ। बैंकिङ कारोवारका लागि आधारभूत कागजात तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ ।

### ३.६.३ सोच

"स्थानीय वासिन्दाको वित्तीय संस्थामा सहज पहुँच"

### ३.६.४ उद्देश्य

१. सङ्घीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु ।
२. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।

### ३.६.५ रणनीति

१. सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।
२. परवानीपुर गाउँपालिकामा स्थापित बैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्ने ।
३. गाउँपालिका भित्रका विषयगत र बचत तथा ऋण सहकारी संस्थाहरूको क्षमता तथा दक्षता वृद्धि गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजना र कार्यक्रमको आधारमा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २५ | २५ | २७ | ३० | ३५ |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ६० | ६० | ६५ | ७० | ७५ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ७० | ७० | ८० | ९० | १०० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वैक, वित्त संस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २६६७ | २२६७ | ४०० | ० | ९८६ | १५८२ | १०० | ० |
| २०८०/८१ | २७८६ | २३६८ | ४१८ | ० | १०७० | १६१३ | १०३ | ० |
| २०८१/८२ | ३०२१ | २५६८ | ४५३ | ० | १२०१ | १७१२ | १०८ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रत्येक वडामा सहकारी विस्तार आयोजना | सहकारीको परिचालन गरी स्थानीय उत्पादनमा बृद्धी गर्नु | सालबसाली | ३००० | १० सहकारीले उत्पादनमुलक उद्यम व्यवसाय सच्चालन गर्नेछन् । |
| २ | बैंक, सहकारी तथा वित्तीय संस्था प्रवर्द्धन तथा अन्य कार्यकम | सहकारी तथा वित्तीय संस्थाको क्षमता अभिवृद्बी तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | ५४७३ | १० सहकारीको क्षमतामा अभिवृद्धि हुनेछ । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकावासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

परवानीपुर गाउँपालिकाको युवा श्रमशक्तिको ठूलो हिस्सा परम्परागत कृषि पेशामा निर्भर छ । त्यस्तै २००० बढि जनशक्ति स्थानीय उद्योग कारखानामा अदक्ष श्रमीकको रुपमा कार्यरत छन् । ५०० बढी श्रमशक्ति बैदेशिक रोजगारीमा रहेका छन् । गाउँपालिका क्षेत्रमा उत्पादनशील उद्योग, निर्माण क्षेत्र, धार्मिक पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरु रहेका छन् ।

### ३.७.२ समस्या तथा चनौति

अन्तरदेशीय तथा वाह्यि क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ। युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था रहेको छ।
औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार दक्ष श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ। यस जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ।

### ३.७.३ सोच

"रोजगारी प्रवर्द्धन मार्फत आर्थिक सवलीकरण"

### ३.७.४ उद्देश्य

१. युवा जनशक्तिलाई बजार माग अनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास गर्नु।
२. सरोकारवालासँगको सहकार्यमा स्थानीय श्रम बजारमा आवश्यक सीप, दक्षताको सम्बन्धी अध्ययन तथा श्रम बजारको व्यवस्थापन गर्नु।

### ३.७.५ रणनीति

१. स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।
२. स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने।
३. स्थानीय क्षेत्रमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयारगरी नियमित अद्यावधिकगर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २ | २ | ५ | ७ | १० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | ७० | ९० | १५० | १७५ | २०० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | ० | १०० | १५० | २०० | ३०० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १००० | ८५० | १५० | ० | ३७० | ५९० | ४० | ० |
| २०८०/८१ | १००० | ८५० | १५० | ० | ३८० | ५८० | ४० | ० |
| २०८१/८२ | १००० | ८५० | १५० | ० | ४०० | ५६० | ४० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार तथा अन्य कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ३००० | न्युन आय भएका बार्षिक २०० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

यस परवानीपुर गाउँपालिकामा ३८९१ घरधुरी मध्ये ७६७ परिवार ६ महिनाभन्दा कम अवधि मात्र आफनै उत्पादनमा निर्भर छन् । यस बाहेकको अवधिका लागी उनीहरु ज्याला मदजुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीका लागि जानुपर्ने हुन्छ । गाउँपालिकामा २० प्रतिशत भन्दा बढी जनसंख्या गरिवीको रेखा मुनि रहेका छन् । यस गाउँपालिकाका बासिन्दामा गरिबीको अवस्था असाध्यै जोखिमपूर्ण रहेकाले गाउँपालिकाको तर्फबाट विशेष नितिगत कार्यक्रमको आवश्यकता छ । समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबिचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्धौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको र नेपाल सरकारले यी लक्ष्यहरुको प्राप्तिका लागि विभिन्न तहका क्रियाशिल पनि रहेको छ । दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्राप्तिका लागि तिनै तहको सरकारको प्राथमिकता पनि रहेको देखिन्छ ।

### ३.८.२ समस्या तथा चूनौति

यस गाउँपालिकामा ठुला, मझौला तथा साना उद्योग तथा ब्यवसायहरु रहेता पनि औपचारिक रोजगारीका क्षेत्रहरु न्युन रहेका छन् । विपन्न अवस्थामा रहेका बेरोजगार ब्यक्तिहरु सीप तथा दक्षता हासिल गर्न सकेका छैनन् । सीप तथा रोजगारमुलक तालिम प्रदान गर्ने निकायहरु शहर केन्द्रित भएकोले सहज सेवा दिन सकेका छैनन् । गरिबी आर्थिक मात्र नभएर बहुआयामिक सवाल हो । गरिबीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण, राजनीतिक असमानता र दुर्वलतालाई प्रतिविम्वित गरेको छ । परवानीपुर जस्तो साक्षरता दर तथा सामाजिक समावेशीकरणको दृष्टीकोणले कमजोर मानिएको गाउँपालिकामा स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु जस्त चुनौती रहेका छन् ।

### ३.८.३ सोच

"स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक अवस्थामा सुधार"

### ३.८.४ उद्देश्य

१. गरिबी निवारणसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने ।

### ३.८.५ रणनीति

१. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।
५. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने ।
२. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने ।
३. पहिचान भएका गरिब लक्षित गरिबी निवारण योजना, कार्यक्रम तथा परियोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | १५० | १६० | १७० | १८० | २०० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | २५ | २० | १९ | १७ | १५ |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४३३३ | ३६८३ | ६५० | ० | १६०३ | २५५६ | १७४ | ० |
| २०८०/८१ | ४५७२ | ३८८६ | ६८६ | ० | १७३७ | २६५२ | १८३ | ० |
| २०८१/८२ | ५०४१ | ४२८५ | ७५६ | ० | २००६ | २८३३ | २०२ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारणका लागि लघु उद्यम आयोजना | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा सहयोग र समन्वय गर्नु | सालवसाली | ३००० | बार्षिक १०० जनाले सुरक्षित उद्यम सम्बन्धी तालिम प्राप्त गरी लघु उद्यम सुरु गरेका हुनेछन् । |
| २ | स्वरोजगार प्रवर्द्धन तथा अन्य कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उधोग | सालबसाली | १०९४६ | बार्षिक ५० जना स्वरोजगार भएका हुनेछन् । |

| क.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | व्यबसायमा रोजगारी बृद्धी गर्ने | | | |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

परवानीपुर गाँउपालिकामा शैक्षिक सत्र २०७८ मा यस गाँउपालिका भित्र सामुदायिक विद्यालयको आधारभुत तह (१-८) मा ३२५१ जना माध्यामिक तह (९-१२) मा ८०९ जना र त्यसमध्ये पनि सामुदायिक तर्फ आधारभूत तहमा ८० र माध्यमिक तहमा २० प्रतिशत विद्यार्थि रहेका छन् । लिङ्गको आधारमा हेर्दा समग्र विद्यालयमा सामुदायिक तर्फ छात्राको ५३ प्रतिशत बालबालिकाहरु भर्ना छन्भने छात्र ४७ प्रतिशत मात्र छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ ।

परवानीपुर गाँउपालिकाले स्थापनाकाल देखि नै शिक्षामा जोड दिदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको पाईएको छ ।

### ४.१.२ समस्या तथा चूनौति

शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु मुख्य शैक्षिक समस्या हो । सामुदायिक तथा संस्थागत विद्यालयबीच शैक्षिक गुणस्तरमा फरक रहेको छ। सामुदायिक विद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सवलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी हुन सकेको छैन। स्थानीय बजारको मागअनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित हुन सकेको छैन । जीवनउपयोगी एवम् गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन ।

### ४.१.३ सोच

“गाउँपालिका क्षेत्रको सामाजिक आर्थिक रुपान्तरणका लागि शैक्षिक जनशक्तिको विकास”

### ४.१.४ उद्देश्य

१. गाउँपालिका भित्रका माध्यमिक विद्यालयको सवलीकरण गर्नु ।
२. स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्नु ।
३. कक्षागत ज्ञान र सीपलाई उद्यमशिलता तथा र श्रम बजारसँग जोड्नु ।

### ४.१.५ रणनीति

१. माध्यमिक तहको विद्यालयमा प्राविधिक धार थप गर्दै लैजाने ।
२. स्थानीय भूगोल, इतिहास, संस्कृति, पर्यावरण, वेशभुषा रैथाने ज्ञान सीप र सभ्यता समेटेर स्थानीय पाठ्यक्रम तयार गरी नियमित अद्यावधिक गर्ने ।
३. सीमान्तकृत वर्गका बालबालिकाका लागि प्रोत्साहन सहित विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ९८ | ९८ | ९८.५ | ९९ | ९९ |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९७ | ९७ | ९७.५ | ९८ | ९९ |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ५७ | ५७ | ६० | ६० | ६२ |
| १५देखि२४ वर्ष उमेरसमूहको महिला साक्षरता दर | प्रतिशत | ४५ | ४५ | ४७ | ५० | ५५ |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| खानेपानी सरसफाइ स्वच्छता सेवा उपलब्ध विद्यालय | प्रतिशत | १३ | १३ | २० | ३० | ५० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | १३ | १३ | २० | ३० | ५० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ९० | ९० | ९५ | ९७ | १०० |
| प्राविधिक धार भएका विद्यालयको संख्या | संख्या | ० | ० | २ | ३ | ५ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७४६६२ | ५५९९७ | १८६६६ | ० | २७५९४ | ४४२८२ | २७८६ | ० |
| २०८०/८१ | ७८०११ | ५८५०८ | १९५०३ | ० | २९९६१ | ४५१७४ | २८७६ | ० |
| २०८१/८२ | ८४५८० | ६३४३५ | २११४५ | ० | ३३६३० | ४७९३० | ३०२० | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नेरा आधारभूत विद्यालय बहुअरी वडा नं ५ थप भवन निर्माण | विद्यालयको पठनपाठन लाई सहज र सुरक्षित सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ५००० | ४ कोठे भवन तयार भई सेवा प्रवाह भएको हुनेछ। |
| २ | नेरा आधारभूत विद्यालय मुसहरी वडा नं २ थप भवन निर्माण | विद्यालयको पठनपाठन लाई सहज र सुरक्षित सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ५००० | ४ कोठे भवन तयार भई सेवा प्रवाह भएको हुनेछ। |
| ३ | जनता मावि वडा नं २ मा ६ कोठे भवन निर्माण | विद्यालयको पठनपाठन लाई सहज र सुरक्षित सहज बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | १५००० | ६ कोठे भवन तयार भई सेवा प्रवाह भएको हुनेछ। |
| ४ | प्रारम्भिक बाल विकास तह देखि माध्यमिक तह सम्मको शैक्षिक | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | २१२२५३ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट १० प्रतिशतले वृद्धि हुनेछ र १५ ओटा सामुदायिक विद्यालयको |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | तथा अन्य शिक्षा सम्बन्धी कार्यक्रम | | | | भौतिक संरचनामा सुधार हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

गाउँपालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग भएको हुनेछ। शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

परवानीपुर गाउँपालिकामा एक स्वास्थ्य शाखा र ५ वटै वडामा संस्थासंस्थाहरु रहेका छन् । गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य स्वास्थ्य शाखाले नै गर्ने गरेको छ। यसका अतिरिक्त गाउँपालिका क्षेत्रमा सञ्चालित निजी तथा अन्य सबै किसिमका स्वास्थ्य केन्द्रहरूको अनुगमन तथा मूल्यांकन र उनीहरूको सेवाको गुणस्तर निर्धारणदेखि अनुगमन गर्ने कार्यपनि स्वास्थ्य शाखाबाट हुने गरेको छ। समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणत्मक सुधार हुँदै गएको छ।

### ४.२.२ समस्या तथा चूनौति

स्वास्थ्य सेवाको विस्तार एवम् स्तरोन्नती सँगै नसर्ने रोग तथा अस्वस्थकर जीवनशैलीमा विस्तारले स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतिका रुपमा खडा भएका छन् । स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ। विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारीका कारण गाउँपालिकाको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित हुँदा यस अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको छ।

गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत स्वास्थ्य सेवा रिफरल सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकताअनुरूपको सहज सेवा प्रदान गर्न आवश्यक श्रोत, साधन तथा क्षमताको कमी रहेको छ।

### ४.२.३ सोच

“सक्षम स्वास्थ्य सेवा, खुशी परवानीपुरवासी”

### ४.२.४ उद्देश्य

१. सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु।

२. सम्भावित स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्नु।

### ४.२.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।

२. प्रत्येक वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने तथा स्थापना भएका वडाहरूमा प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने ।

३. स्वास्थ्यसम्बन्धी विपद् जोखम न्यूनीकरणका लागि आवश्यक व्यवस्था कानुनी र संस्थागत गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ९५ | ९५ | ९० | ८५ | ८० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ |
| पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | २२ | २२ | २० | १९ | १८ |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | ७ | ७ | ६ | ५ | ५ |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | १०५ | १०५ | १०१ | ९५ | ९० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्युदर ( एकलाखमा | जना | ८ | ८ | ७ | ६ | ५ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | ६ | ७ | १० | १५ | २० |
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ४९ | ५५ | ६० | ७० | ८० |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९७ | ९७ | ९८ | ९९ | १०० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ४० | ४० | ३८ | ३६ | ३५ |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | १५ | १५ | १५ | १५ | १५ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | १५ | २० | ३० | ४० | ५० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ८२ | ८२ | ८५ | ९० | ९५ |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | १० | १० | १० | १० | १० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३० | ३९९९८ | १३३३३ | ० | १९७१० | ३१६३० | १९९० | ० |
| २०८०/८१ | ५५७२२ | ४१७९२ | १३९३१ | ० | २१४०१ | ३२२६७ | २०५५ | ० |
| २०८१/८२ | ६०४१५ | ४५३११ | १५१०४ | ० | २४०२२ | ३४२३६ | २१५७ | ० |

## ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा नं २ मा बर्थीङ सेन्टर निर्माण आयोजना | वर्थीङ सेन्टर स्थापना गरी सेवा विस्तार गर्नु | २०७९/८० देखि २०८०/८१ सम्म | २००० | थप १ वटा वर्थीङ सेन्टर निर्माण भई प्रभावकारी सेवा प्रवाह भएको हुनेछ। |
| २ | वडा नं ४ मा स्वास्थ्य चौकी भवन निर्माण आयोजना | प्राथमिकताका आधारमा स्वास्थ्य चौकी मापदण्ड अनुसारको भवन निर्माण गर्नु | २०७९/८० देखि २०८०/८१ सम्म | ५००० | मापदण्ड अनुसार १ वटा स्वास्थ्य चौकीको भवन निर्माण भई सेवा सहज हुनेछ। |
| ३ | वडा नं ५ मा स्वास्थ्य चौकी भवन निर्माण आयोजना | प्राथमिकताका आधारमा स्वास्थ्य चौकी मापदण्ड अनुसारको भवन निर्माण गर्नु | २०७९/८० देखि २०८०/८१ सम्म | ५००० | मापदण्ड अनुसार १ वटा स्वास्थ्य चौकीको भवन निर्माण भई सेवा सहज हुनेछ। |
| ४ | वडा नं २ मा आयुर्वेद आरोग्य केन्द्र भवन निर्माण | प्राथमिकताका आधारमा आरोग्य भवन मापदण्ड अनुसारको भवन निर्माण गर्नु | २०७९/८० देखि २०८०/८१ सम्म | १५००० | मापदण्ड अनुसार १ वटा आरोग्य भवन निर्माण भई सेवा सहज हुनेछ। |
| ५ | आधारभूत स्वास्थ्य अन्य सालबसाली कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | १२२९६७ | ५ वटा स्वास्थ्य संस्थाहरुमार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संचालन हुनेछ र स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरु पुरा गर्न सहयोग पुग्नेछ। |
| ६ | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य कार्यक्रम | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवासँग एकिकृत गर्दै नियमित स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउने | सालबसाली | १२००० | १ वटा आर्युवेद स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह भई करिब १,००० नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन्। |

## ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भोतिक संरचना सवलीकरण भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ।

स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवाला वीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहन सक्दछ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

परवानीपुर गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएका छन् । आधारभूत खानेपानीमा पहुँच उपलब्ध रहेको घरपरिवार ८५ प्रतिशत रहेको छ भने ९५ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको देखिन्छ । खानेपानीको मुहान तथा मुख सम्मको परिक्षण तथा शुद्धीकरणका कार्यहरु भने हुन सकेको छैन । व्यवसायीक प्रयोजनमा प्रोसेसिंग गरिएको बोत्तल तथा जारको पानी प्रयोग हुदै आएको छ । गाउँपालिकामा मानव सिर्जित फोहोर मैला घरघरमा नै ट्यांकी बनाएर परम्परागत रुपमा जलाउने कुह्वाएर विसर्जन गर्ने अभ्यास रहेको छ ।

### ४.३.२ समस्या तथा चूनौति

खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुनु आवश्यक देखिन्छ ।
स्वच्छ खानेपानीको माग बढ्दै जानु, खानेपानी तथा सरसफाई सम्बन्धी लक्ष्य हासिल गर्न पर्याप्त बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु खानेपानी सरसफाई क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ४.३.३ सोच

"स्वच्छ सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सुविधा"

### ४.३.४ उद्देश्य

१. गाउँपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।
२. गाउँपालिकाको ढल निकास प्रणाली तयार गर्नु ।

### ४.३.५ रणनीति

१. स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्ने तथा सार्वजनिक स्थलहरूमा समेत सर्वसुलभ खानेपानीको व्यवस्था गर्ने ।
२. ग्रामीण वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।
३. गरिबीको रेखामुनि रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालय निर्माण गर्न र सार्वजनिक स्थानहरूमा शौचालयको प्रबन्धका लागि विशेष व्यवस्था गर्ने ।
४. गाउँपालिकाको ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको नीति, योजना अनुसार कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| शौचालय भएका परिपरिवार | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ९० |
| घरायसी प्रयोजनका लागि प्रयाप्त खानेपानी भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ९५ | ९५ | ९६ | ९७ | ९८ |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | १ | २ | ३ |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने शहरी घरपरिवार | प्रतिशत | ५ | ५ | १० | २० | ३० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९९९ | ११९९९ | ४००० | ० | ५९१३ | ९४८९ | ५९७ | ० |
| २०८०/८१ | १६७१७ | १२५३७ | ४१७९ | ० | ६४२० | ९६८० | ६१६ | ० |
| २०८१/८२ | १८१२४ | १३५९३ | ४५३१ | ० | ७२०६ | १०२७१ | ६४७ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | १ घर १ धारा जडान कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालबसाली | १५००० | ५०० परिवारमा नयाँ धारा जडान गरी धारा सुचारु भएका हुनेछन् । |
| २ | खानेपानी तथा सरसफाई अन्य सालवसाली कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालबसाली | ३५८४० | थप १००० धारा निर्माण र चालु धारा सुचारु हुनेछन् । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

परवानीपुर गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइ रहेको छ । गाउँपालिकाले महिला र लक्षित वर्गका लागि अध्यक्ष बालिका उत्थान कार्यक्रम, अध्यक्ष बालिका सगुन कार्यक्रम सञ्चालन गरी विभिन्न कार्यक्रममार्फत् आर्थिक सशक्तीकरण अभियान गरिरहेको छ । बालबालिकाको पहुँच र क्षमता विकासका लागि छात्रवृत्ति, साइकल वितरण कार्य सञ्चालन भइरहेको छ । अपांगता भएका व्यक्तिको हकहित सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपांगता वडा सञ्जाल

गठन गरिने निर्णय गरी त्यसका लागि कार्य अघि बढिरहेको अवस्था छ । दलित जनजातिहरुको उत्थानसिल कार्यक्रमहरु सँगै ज्येष्ठ नागरिकको सम्मान निमित्त प्रत्येक वर्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिएको छ ।

### ४.४.२ समस्या तथा चूनौति

यस गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । लक्षित वर्गका महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुमा हिंसाजन्य व्यवहार कायमै रहेको देखिन्छ ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफलमा प्राप्त हुन भने सकेको छैन । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ । पिछडिएको वर्गमा कानुन तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ । आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी छ भने प्रभावशाली उपस्थिति रहेको छैन ।

### ४.४.३ सोच

"विभेदरहित समतामूलक सभ्य समाज"

### ४.४.४ उद्देश्य

१. गाउँपालिकालाई महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा समावेशी नीति तयार गरी लागु गर्नु ।
२. महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधार तयार गर्नु ।
३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।

### ४.४.५ रणनीति

१. गाउँपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगतामैत्री गाउँपालिकाका रूपमा विकास गर्न लैङ्गिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन, संरचना, रणनीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने ।
२. अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपांगतामैत्री सुनिश्चित हुने गरी नीति निर्माण गरिने ।
३. लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चाालन गरिने ।
४. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ५० | ५० | ५० | ४० | ३५ |
| गाउँपालिकाभित्र रहेका सडक बालबालिका | संख्या | ३० | २५ | २५ | २० | १० |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | ० | ० | ० | ० | ० |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | १ | १ | २ |
| जीवनभर शारीरिक र यौन हिंसा भएका | प्रतिशत | १० | १० | ९ | ७ | ५ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | १० | १० | ९ | ७ | ५ |
| यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिला | प्रतिशत | १० | १० | ९ | ७ | ५ |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू | संख्या | ० | ० | ० | ० | ० |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १७ | १७ | १५ | १२ | १० |
| गाउँपालिका स्तरीय संघ/महासंघमा महिलाको सहभागिता | प्रतिशत | १० | १० | १५ | २० | २५ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २५ | २५ | ३० | ३५ | ४० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०६६६ | ८००० | २६६७ | ० | ३९४२ | ६३२६ | ३९८ | ० |
| २०८०/८१ | १११४४ | ८३५८ | २७८६ | ० | ४२८० | ६४५३ | ४११ | ० |
| २०८१/८२ | १२०८३ | ९०६२ | ३०२१ | ० | ४८०४ | ६८४७ | ४३१ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष बालिका उत्थान कार्यक्रम | बालबकालिकाहरुको बचाउ, संरक्षण विकास तथा सहभागिता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु । | सालवसाली | ६००० | १००० मधेसी बालिकाहरुको अधिकार संरक्षणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन भएको हुनेछन । |
| २ | अध्यक्ष बालिका सगुन कार्यक्रम | उमेर पुगेका तथा स्नातक उतिर्ण युवतीहरुको जिविकोपार्जनमा सघाउ पुरयाउनु । | सालवसाली | ६००० | उमेर पुगेका तथा स्नातक उतिर्ण १०० युवतीहरुको विहेमा सगुन बापत नगद हस्तारण भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | महिला विकास कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालवसाली | ७५०० | बार्षिक ५,००० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका ०० ओटा महिला विकास सहकारी संस्थाको प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ४ | बालबालिका कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | ६००० | बार्षिक ७,४०० जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ५ | अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र सचेतनामा बृधि गर्नु | सालवसाली | १५०० | ००० जना अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचय पत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ६ | ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्नु | सालवसाली | १५०० | ५०० जना जेष्ठ नागरिकहरुलाई औषधी उपचार लगायत जेष्ठ नागरिक सम्मान गरिएको हुनेछ । |
| ७ | दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | दलित, अल्पसंख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसंख्यकको अधिकार र संस्कृति संरक्षण र प्रवर्द्धन गर्नु | सालवसाली | १५०० | २०० दलित वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिबृद्धिमा सहयोग पुगेको हुनेछ । |
| ८ | सामाजिक विकास क्षेत्र लगायत अन्य कार्यक्रम | प्रशासनिक तथा अन्य भैपरी आउने कार्यको व्यवस्थापन गर्नु | सालवसाली | ३८९३ | सामाजिक सेवा तथा सुविधामा बढोत्तरी हुनेछ । |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागुभएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

गाउँपालिकामा १५ देखि ४९ वर्ष समूहका युवा जनशक्तिको अनुपात ५२ प्रतिशत रहेकोछ । यस क्षेत्र पूर्वाधार तथा अवसरका हिसाबले पनि उद्योग व्यवसाय सञ्चालन र रोजगारीको क्षेत्रमा उर्वर रहेको छ । व्यापार, उद्योग तथा पर्यटन क्षेत्रमा युवा सहभागिता उच्च रहेको छ ।

विद्यमान युवा जनशक्तिलाई प्राविधिक जनशक्ति, सूचना प्रविधि जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर गाउँपालिकासँग रहेको देखिन्छ ।

### ४.५.२ समस्या तथा चूनौति

युवाहरु वैदेशिक रोजगारीमा आक्रर्षण हुनु युवाका मुख्य समस्याहरु हुन् । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन । परवानीपुरमा दक्ष तथा अर्धदक्ष सबै प्रकारका कामदारका दृष्टिले श्रमिक अपुग (लेबर डेफिसिट) बजार भएपनि युवा भावना बमोजिमको स्वरोजगारीका अवसरमा कमी रहेको छ । युवालाई आफनै ठाउँमा स्वरोजगार बनाउन चुनौति रहेको छ ।

### ४.५.३ सोच

" व्यावसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गिण विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।
२. गाउँपालिकालाई दक्ष प्राविधिक शिक्षा तर्फ आकर्षण गर्नु

### ४.५.५ रणनीति

१. युवाहरूलाई नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने ।
२. खेल लगायत बौद्धिक कृयाकलापमा युवाहरुलाई सहभागि गराउनु ।
३. युवाहरूमा सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालनगर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ६० | ५५ | ५० | ४५ | ३५ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | १५ | २५ | ५० | १०० | २०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ० | ० | ५ | ६ | ६ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | २ | २ | २ | ३ | ३ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ० | ० | ५० | १०० | १५० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | २ | ३ | ३ | ३ | ३ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ४००० | १३३३ | ० | १९७१ | ३१६३ | १९९ | ० |
| २०८०/८१ | ५५७२ | ४१७९ | १३९३ | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | ४५३१ | १५१० | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना परामर्श तथा उद्दार आयोजना | वैदेशिक रोजकारको गुणस्तरीयता कायम गर्नु | सालबसाली | ४५०० | ३०० जना युवाहरुले सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना परामर्श तथा उद्दार सम्बन्धी सेवा लिएका हुनेछन् । |
| २. | युवा क्षमता विकास आयोजना | युवाहरुमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु | सालबसाली | ६००० | गाउँपालिकाका ५ वडामा युवा परिषद गठन भई १००० युवाहरुमा स्वाबलम्बी सीपको विकास भई आत्मनिर्भर हुनेछन् । |
| ३. | खेलकुद विकास प्रवर्द्धन अन्य कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ६४४७ | करिब ५०० युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

नेपालका अन्य शहरमा जस्तै परवानीपुरमा पनि सडक सञ्जालको विस्तार कृषियोग्य भूमि घट्ने र उद्योग, भवन निर्माण बढेर बजार विस्तार हुँदै आएको देखिन्छ। गाउँपालिकाले बस्ती विकास मापदण्ड मार्फत् यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू-उपयोग व्यवस्थित गर्ने प्रयास गरेको पाईएको छैन । नेपाल सरकारले नयाँ मापदण्ड जारीगरेपछि गाउँपालिकाले पनि भवन तथा पुर्वाधारको मापदण्ड अनुसार स्विकृति दिने गरेको छ। परवानीपुर गाउँपालिकामा ८९ प्रतिशत नागरिकको आफ्नै घर छ भने २ प्रतिशत भाडाको घरमा बस्छन्।

बर्सेनि नयाँ घर तथा ब्यवसायीक भवन निर्माण हुने यस गाउँपालिकामा करिब ५० प्रतिशतले भवन निर्माण मापदण्डअनुरूप नक्सा वनाई घर बनाउने अनुमति लिए पनि करिब १० प्रतिशतले मात्र पूर्णरूपले मापदण्ड अनुसरण गरेको देखिन्छ। राजमार्ग वरपर र शहरोन्मुख क्षेत्रहरूमा आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घरहरूको बाहुल्य देखिन्छ भने ग्रामीण क्षेत्रहरूमा ढुङ्गा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

### ५.१.२ समस्या तथा चूनौति

गाउँपालिकाको आफनै भूउपयोग क्षेत्र निर्धारण निर्माण गरिएको छैन । भवन निर्माण मापदण्ड पालना र व्यवस्थित एवम् सुरक्षित बस्ती निर्माणमा चुनौति थपिएको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनबेल्टका लागि नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन ।

गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ। शहरीकरणको अनुपातमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास न्यून रहेको छ ।

### ५.१.३ सोच

"सुलभ, सुरक्षित एवम् व्यवस्थित शहरीकरण"

### ५.१.४ उद्देश्य

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।
२. ढल, नाली तथा सार्वजनिक क्षेत्रहरुको व्यवस्थापन गर्नु ।

### ५.१.५ रणनीति

१. भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।

२. व्यवसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु ।

३. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुऱ्याई बस्ती विकासको सहज वातावरण तयार गर्नु ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | २० | २० | २५ | ३० | ४० |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ७० | ७० | ७५ | ८० | ८५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | २० | २० | ४० | ५० | ६० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | २० | २० | ३० | ४० | ५० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५८६६३ | २०५३२ | ३८१३१ | ० | २१६८१ | ३४७९३ | २१८९ | ० |
| २०८०/८१ | ६१२९४ | २१४५३ | ३९८४१ | ० | २३५४१ | ३५४९४ | २२६० | ० |
| २०८१/८२ | ६६४५६ | २३२६० | ४३१९६ | ० | २६४२४ | ३७६५९ | २३७३ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण सम्पन्न, वडा नम्बर १ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | ३०००० | २ तले लैङ्गिक तथा अपांगतामैत्री भवन निर्माण हुनेछ । |
| २ | गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण | शहरी शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | ४०००० | लैङ्गिक तथा अपांगतामैत्री प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |
| ३ | बजार भवन व्लक १ र २ निर्माण सम्पन्न | शहरी शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०७९/८० देखि ०८१/८२ सम्म | ३०००० | २ वटा व्यवसायीक भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | शिवपुरी धर्मशाला थप निर्माण तथा सम्पन्न | शहरी शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | सालबसाली | १५०० | १० कोठे धर्मशाला निर्माण भई सेवा प्रवाह सुचारु भएको हुनेछ। |
| ५ | सुरक्षित नागरिक आवाश कार्यक्रम | विपन्न नागरिकलाई आवाश सुविधा उपलब्ध गराउनु | २०७९/८० देखि ०८१/८२ सम्म | २५००० | ७५ परिवारलाई सुरक्षित आवाश सेवा प्रदान गरिएको हुनेछ। |
| ६ | आवास, भवन तथा शहरी विकास अन्य मर्मत सम्भार कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | ५९९१३ | आवास, भवन तथा शहरी विकास सम्बन्धी मर्मत सम्भार तथा स्तरोन्नती सेवा सुचारु हुनेछ। |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा आवाशिय तथा व्यवसायिक भवनको मापदण्ड तयार हुनेछ। भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ।

शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रभित्र करिव ६० किमि लामो सडक सञ्जाल रहेको छ। गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल पुगेको छ। राजमार्ग आसपासका क्षेत्रहरूमा सार्वजनिक बस तथा रिक्सा, अटो अन्य सवारीसाधनको संख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक गाडीहरूका लागि राजमार्ग बाहेक अन्य स्थानमा आवश्यक सवारी पार्किङ स्थलहरु अभाव छन्। तर यात्रु प्रतीक्षालय, ट्राफिक संकेत तथा व्यवस्थापन तथा सडक स्तोरन्नतिको कार्यहरू अगाडि बढेका छन्।

### ५.२.२ समस्या तथा चूनौति

गाउँपालिका भित्रका बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ। गाउँपालिकाले निर्धारण गरेको सडक अधिकार क्षेत्रभित्र घर, पर्खाल, विद्युत तथा टेलिफोनको पोलहरू र खानेपानीको लाइनहरू छरिएकाले सडक क्षेत्रमा अवरोध बनेका छन्। भित्रि सडक समेतको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडक साँघुरा छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन।

बजार तथा ग्रामिण क्षेत्रमा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"

### ५.२.४ उद्देश्य

१. गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

२. एकीकृत शहरी विकास तथा ग्रामिण यातायात पूर्वाधार निर्माण गर्नु ।

### ५.२.५ रणनीति

१. पूर्वाधार निर्माणका लागि प्रदेश, संघ तथा विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने ।
२. छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने ।
३. वातावरणमैत्री दिगो यातायात प्रणालीको विकास गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ८८ | ९० | ९५ | ९७ | ९८ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | ४.५ | ६.३१ | ३.५३ | ३.५३ | ५.११ |
| कंक्रिट सडक | कि.मि. | ८.५ | ८.८५ | ७.१ | ६.२ | ५.३ |
| कालोपत्रे सडक | कि.मि. | ० | ८.५१ | २ | ० | ० |
| ग्राभेल सडक | कि.मि. | ४ | ५ | ३ | २ | १ |
| मिश्रित सडक | कि.मि. | ३ | ४ | ४ | ५ | ३ |
| राजमार्ग | कि.मि. | ६ | ६ | ० | ० | ० |
| धुले सडक | कि.मि. | ८ | ८ | ४ | ५ | ७ |
| कुल सडक लम्माई | कि.मि. | ६० | ७० | ७५ | ८५ | ९० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १३३३५९ | ४६६७६ | ८६६८३ | ० | ४०००८ | ४०००८ | ५३३४४ | ० |
| २०८०/८१ | १६७१६६ | ५८५०८ | १०८६५८ | ० | ६४२०२ | ९६८०१ | ६१६४ | ० |
| २०८१/८२ | १८१२४४ | ६३४३५ | ११७८०९ | ० | ७२०६५ | १०२७०७ | ६४७२ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य साल-बसाली कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ४८१७६९ | १० कि.मि.सडक तथा ५ वटा पुल/कल्भर्ट निर्माण तथा मर्मत सम्भार हुनेछन् । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ । गाउँपालिकाले रुपान्तरणकारी तथा विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन भएको हुनेछ । सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

गाउँपालिका औद्योगिक करिडोरमा पर्ने भएकोले केन्द्रिय तथा शाखा विद्युत प्रशारणमा लाइनमा जोडिएको छ । गाउँपालिकाको सवै वडा वस्तीमा विद्युत सेवा विस्तार भएको छ । यद्यपी २ देखि ५ प्रतिशत घरधुरीले मात्र खाना पकाउने तथा पानी तताउन विद्युतको प्रयोग गर्ने गरेका छन् । गाउँपालिका क्षेत्रमा उपलब्ध विद्युतलाई लघु तथा सानाउद्योग तथा व्यवसायिक कृषि तथा पशुपालनमा समेत प्रयोग गरिएको छ । घरधुरी तहमा विद्युतिय उपकरण लगायत दैनिक जीवनयापनमा विद्युत तथा स्वस्थ उर्जा प्रयोगलाई बृद्धि गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ समस्या तथा चूनौति

शहरी क्षेत्रमा विद्युत्, टेलिफोन तथा इन्टरनेटका तारहरू जथाभावी सडकमा झुन्डिनु तथा विद्युत्को नियमित आपूर्ति पनि यहाँको समस्या हो ।

वैकल्पिक तथा स्वच्छ ऊर्जा विस्तार कार्यक्रम, विद्युतको खपत तथा हरित ऊर्जा प्रवर्द्धनका लागि गाउँपालिका स्तरीय एकीकृत नीति तथा कार्ययोजना तयार हुन नसक्नु समस्याको रुपमा रहेको छ । तारहरूको उचित व्यवस्थापन र सडक बत्ती तथा ट्राफिक संकेतहरूको एकीकृत व्यवस्थापनको कमी रहेको छ । परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाको कमी रहेको छ ।

### ५.३.३ सोच

“भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र व्यवसायिक उपयोग”

### ५.३.४ उद्देश्य

१. विद्युत तथा स्वस्थ उर्जा खपत बृद्धिगर्नु
२. विद्युत तथा वैकल्पिक स्वस्थ उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु ।

### ५.३.५ रणनीति

१. विद्युत सञ्जालको नियमित मर्मत सम्भार र संरक्षण गर्नू
२. विद्युत खपत तथा व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु
३. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ८० | ९० | ९५ | ९७ | ९९ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ४० | ४० | ३५ | ३० | २५ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६० | ६० | ५५ | ५० | ४५ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | १० | २० | २५ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ०.०५ | ०.१ | १ | २ | २ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | १८६७ | ३४६६ | ० | ११७१ | ३१६३ | ११९ | ० |
| २०८०/८१ | ५५७२ | १९५० | ३६२२ | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | २११५ | ३९२७ | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युतिकरण, वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन तथा अन्य कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | १६९४६ | कार्वन उत्सर्जन बार्षिक १० प्रतिशतले कम हुने । |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, व्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

परवानीपुर गाउँपालिकाले नीति कार्यक्रममा स्मार्ट र समुन्नत पालिकाका रूपमा विकास गर्ने लक्ष्य छ । गाउँपालिका तथा अन्तर्गतका सवै कार्यालयमा आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच रहेको छ । इन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। गाउँपालिकाबासीहरुमा इन्टरनेटको उपयोग विस्तार भइ सकेको छ। इन्टरनेट पहुँचका लागि मोबाइल, वाइफाई फ्रि-जोन तथा स्थानीय वायरलेस इन्टरनेट सेवाको उपयोग हुने गरेको छ । गाउँपालिकामा ९० प्रतिशत भन्दा बढि घरधुरीले सवैभन्दा प्रभावकारी मानिएको मोवाइल फोन प्रयोग गर्ने

गरेका छन् । गाउँपालिकाले आफ्नो आधिकारिक वेभसाइट तथा फेसवुक पेजबाट नियमित रुपमा सुचना समाचार सम्प्रेशण गर्दै आएको छ। त्यस्तै सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता एवम् लेखा प्रणाली समेत अनलाईन सफ्टवेयरको प्रयोग मार्फत सेवा प्रवाह गर्दै आएको छ। यसबाट सेवा प्रवाहमा छरितो र गुणस्तरीयता कायम गर्न मद्दत पुगेको छ।

### ५.४.२ समस्या तथा चूनौती

गाउँपालिका सेवाहरु डिजिटल प्रणालीबाट प्रवाह भइ थप छिटो छरितो र सुरक्षित भएको हुनेछ। सेवाग्राहीले सेवालिदा झमेला ब्यहोर्न सक्ने जोखिम रहन सक्छ । सूचना तथा सञ्चार माध्यम खर्चिलो भएको र दक्ष मानविय श्रोत आवश्यक पर्ने भएकोले विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाहका लागि निरन्तर अद्यावधिक गर्नुपर्ने चुनौति रहेका छन्।

### ५४.३ सोच

"प्रविधिमा आधारित विद्युतीय सुशासन"

### ५.४.४ उद्देश्य

१. गाउँपालिकाको सुचना तथा सञ्चार प्रणालीलाई दिगो र सवल बनाउनु।
२. सूचना प्रविधि सहितको सेवा प्रणालीलाई सेवाग्राही मैत्री बनाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु।

### ५.४.५ रणनीति

१. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
२. गाउँपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोग जोड दिने,
३. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ७५ | ८० | ८५ | ९० | १०० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ४ | ६ | ७ | ९ | ११ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९९९ | ५६०० | १०३९९ | ० | ५९१३ | ९४८९ | ५९७ | ० |
| २०८०/८१ | १६७१७ | ५८५१ | १०८६६ | ० | ६४२० | ९६८० | ६१६ | ० |
| २०८१/८२ | १८१२४ | ६३४४ | ११७८१ | ० | ७२०६ | १०२७१ | ६४७ | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि मैत्री शासन प्रवर्द्धन तथा अन्य कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | ५०८४० | कार्यपालिका कार्यालय, विषयगत शाखा र ५ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ । |

## ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ । प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेशष हुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

नेपालको बढी गर्मी हुने क्षेत्रका रुपमा परिचित परवानीपुर गाउँपालिकामा सामुदायिक तथा राष्ट्रिय वन रहेको छैन । वढ्दो शहरीकरण तथा औद्योगिकरणका कारण निजी क्षेत्रले समेत वन वातावरणमा ध्यान दिएको पाइदैन । गाउँपालिका भित्र निजी तथा सार्वजनिक गरि ७ वटा पोखरीहरु रहेका छन् । यी पोखरीहरूमा व्यवसायिक माछा पालन गरिनुका साथै अन्य पशुपंक्षीहरु पनि आवतआवत गर्ने गरेका छन् ।

यस क्षेत्रमा साना तिना खोला बाहेक ठुला नदिहरु नभएकोले भूक्षय तथा नदि कटानको समस्या परेको छैन । तर शहरीकरणका कारण स्वच्छ वातावरण जोगाउन निजी तथा सार्वजनिक क्षेत्रबाट हरियाली, पार्क लगायतको क्षेत्र विस्तार गर्ने गाउँपालिकाको प्राथमिकता हुनुपर्दछ ।

### ६.१.२ समस्या तथा चूनौति

वनक्षेत्र, हरियाली र जैविक विविधताको दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन ।
शहरीकरणलाई व्यवस्थित हुन नसक्दा बृक्ष तथा जैविक विविधताको संरक्षणमा कठिनाइ भएको छ । शहरी हरियालीको व्यवस्थापन हुन सकेको छैन ।

### ६.१.३ सोच

"स्वच्छ तथा दिगो शहरी पर्यावरण"

### ६.१.४ उद्देश्य

१. गाउँपालिकाको वातावरण, पोखरी तथा प्राकृतिक स्रोत व्यवस्थापन नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।
२. शहरी हरियाली व्यवस्थापन तथा न्यायोचित वितरण गरी सामाजिक न्यायको प्रत्याभूति गर्नु ।

### ६.१.५ रणनीति

१. वातावरणलाई संरक्षणका लागि पोखरी तथा प्राकृतिक श्रोतलाई उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने ।
२. वन, वृक्षरोपण र वागवानीमा वृद्धि गर्दै उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक नीति तथा योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पार्क तथा उद्यान | संख्या | ० | ० | १ | १ | २ |
| संरक्षित तालतलैया पोखरी | संख्या | ७ | ७ | ८ | ९ | १० |
| बृक्षरोपण गरिएको संख्या | संख्या | १०० | ३०० | २००० | ३००० | ५००० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ५० | १०० | २०० | ५०० | १००० |
| निजी तथा व्यवसायिक वागवानी | घरधुरी | ५ | ५ | २० | ३० | ५० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २६६७ | २४०० | २६७ | ० | ९८६ | १५८२ | १०० | ० |
| २०८०/८१ | २७८६ | २५०७ | २७९ | ० | १०७० | १६१३ | १०३ | ० |
| २०८१/८२ | ३०२१ | २७१९ | ३०२ | ० | १२०१ | १७१२ | १०८ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, भूसंरक्षण तथा हरियाली प्रवर्द्धन अन्य कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालवसाली | ८४७३ | सार्वजनिक स्थलहरुमा २००० बृक्षारोपण भएको हुनेछ । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा व्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ । सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवर्द्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाबासीले हाल सम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन् । गाउँपालिकाका सवै ग्रामीण क्षेत्रमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ । राजमार्ग क्षेत्रमा निस्कने व्यवसायीक फोहरमैला स्वयम उद्योग व्यवसाय सञ्चालकबाट व्यवस्थापन गरिएको छ । गाउँपालिकाले फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपविारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको ब्यवस्था गर्न नसक्नु हो । यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतिका रूपमा देखिएको छ । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौति पनि थपिएको छ ।

### ६.२.३ सोच

"स्वच्छ तथा प्रविधिमैधी सरसफाईयुक्त परवानीपुर"

### ६.२.४ लक्ष्य र उद्देश्य

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु ।

### ६.२.५ रणनीति

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने ।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने ।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

दीर्घकालीन नीति तथा योजनाका आधारमा तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | १ | १ | २ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ |
| स्रोतमानै फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार | प्रतिशत | २ | ४ | ५ | १० | २० |
| ल्याण्डफिल साइटको क्षेत्रफल | रोपनी | ० | ० | ५ | ५ | ५ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला ब्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ४८०० | ५३३ | ० | ११७१ | ३१६३ | १९९ | ० |
| २०८०/८१ | ५५७२ | ५०१५ | ५५७ | ० | २१४० | ३२२७ | २०५ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ६०४१ | ५४३७ | ६०४ | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ताल पोखरी संरक्षण तथा नदि नियन्त्रण आयोजना | ताल संरक्षण, नदि नियन्त्रण तथा बस्ती तथा जमिनको संरक्षण गर्नु | सालबसाली | ७५०० | ७ वटा ताल तथा पुरिने क्रममा कमी आउनेछ। |
| २ | पुर्ण सरफाई कार्यक्रम तथा शौचालय निर्माण सहयोग कार्यक्रम | विपन्न परिवारमा शौचालन निर्माणमा सहयोग पुरयाउनु । | सालबसाली | १२०० | १२० घरमा शोचालय निर्माण सहयोग पुगेको हुनेछ। |
| ३ | वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा अन्य कार्यक्रम | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन गरी स्वच्छता कायम गर्नु । | सालबसाली | ८२४७ | फोहरमैला व्यवस्थापन भई स्वच्छता बृद्धि भएको हुनेछ। |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला व्यवस्थापन हुन सक्नेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय व्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था तथा प्रचतिल कानून बमोजिम गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएको छ । यस सम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन लगायत नीतिगत, कानूनी र प्रक्रियागत व्यवस्था गर्नुपर्दछ। जलवायु परिवर्तनको असरको हुन सक्ने जोखिम न्यूनीकरण गर्न जोखिम क्षेत्रको पहिचान, नक्शाङ्कन र रोकथाम, पूर्व तयारी तथा जोखिम व्यवस्थापन कार्यहरु सञ्चालन गर्नुपर्दछ। जलवायु परिवर्तनको असरको कारण जलसतह घट्दै गएको हुँदा सो समस्या समाधानको लागि पुनर्भरण पोखरी, भएका तालतलैया तथा सीमसार क्षेत्रको संरक्षण गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस गाउँपालिकामा प्रमुख विपद्को प्रकोपका रुपमा बर्षातको समयमा डुवान तथा हिउदयाममा सुख्खा खडेरी तथा अत्याधिक सडक दुर्घटना रहेका छन् ।

### ६.३.२ समस्या तथा चूनौति

यस गाउंपालिका क्षेत्रको प्रमुख प्रकोपहरुमा सुख्खा खडेरी, आगलागी, डुवान तथा हुरीवतास, सडक दुर्घटना आदि रहेका छन् । विशेष गरी वर्षायाममा ताल पोखरी तथा साना खोला किनारका वस्तीहरुमा पानीको बहाव बढ्दा गाउँबासीहरूले डुवानको समस्या भोग्दै आई रहेका छन् भने गर्मीयाममा हुरी वतास तथा आगलागिको समस्या हुने गरेको छ । ठुला मालबाहक, साना तथा मझौला सार्वजनिक सवारीका कारण राजमार्ग क्षेत्रमा

सडक दुर्घटनाले पनि जोखिम निम्त्याएको छ । यस्ता प्रकोप तथा यसबाट हुने विपद्वाट कसरी बाँच्न र बचाउन सकिन्छ भन्ने जानकारी गाउँपालिकावासीहरूमा नहुनु अर्को समस्याको रुपमा रहेको छ ।

### ६.३.३ सोच

“विपद व्यवस्थापनमा सक्षम, र उत्थानशील परवानीपुर”

### ६.३.४ उद्देश्य

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु ।
२. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने ।
२. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सबलीकरण गर्ने

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको नीति तथा योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | १५ | १५ | १२ | १० | ८ |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ५ | ५ | २० | २० | ५० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १ | ०.५० | ०.४० | ०.३० | ०.२० |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १० | १० | १० | १५ | २० |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ५००० | ५००० | ६००० | ७००० | ८००० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापनउप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २६६७ | २४०० | २६७ | ० | ९८६ | १५८२ | १०० | ० |
| २०८०/८१ | २७८६ | २५०७ | २७९ | ० | १०७० | १६१३ | १०३ | ० |
| २०८१/८२ | ३०२१ | २७२२ | २९९ | ० | १२०१ | १७१२ | १०८ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन अन्य कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | ८४७३ | विपदबाट हुने क्षतिमा वार्षिक ३० प्रतिशत कमी आउनेछ। |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्युनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानविय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । वाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तो सुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाले आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि, निदेशिकाहरु लगायत २० दस्तावेज तयारी, प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । विगत तीन आर्थिक वर्षको तथ्यांक अनुसार हालसम्म न्यायिक समितिमा जम्मा ३५ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा ३० मुद्दाहरू फछ्र्यौट भएका छन्, ५ ओटा मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा विचाराधीन रहेका छन् ।

### ७.१.२ समस्या तथा चूनौति

नेपालको संविधान व्यवस्थाअनुसार गाउँपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन ।

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन ।

### ७.१.३ सोच

“सवल र सक्षम प्रशासन, दिगो सुशासन”

### ७.१.४ उद्देश्य

- सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु,

### ७.१.५ रणनीति

१. सुशासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,
२. गाउँपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,
३. न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | उपलब्ध नभएको | ३० | ४० | ५० | ६० |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | २० | २४ | ३० | ३५ | ४० |
| १. नीति | विषय | २ | ३ | ४ | ५ | ७ |
| २. ऐन | विषय | ७ | ७ | ८ | १० | १२ |
| ३. नियम तथा विनियम | विषय | ४ | ५ | ७ | ९ | १२ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ९ | १० | १२ | १५ | २० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | | ४ | ५ | ५ | ५ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ५३३३ | ० | ० | ११७१ | ३९६३ | १९९ | ० |
| २०८०/८१ | ५५७२ | ५५७२ | ० | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | ६०४१ | ० | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन शुसाशन प्रवर्द्धन, न्याय प्रवर्धन अन्य कार्यक्रम | सुशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् न्यायिक सेवा प्रवाह प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | १६९४६ | नीति, कानून तथा कार्यविधि परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ । मेलमिलाप र मध्यस्थताको माध्यमबाट ५० मुद्धा समाधान भएको हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुने छ । विवादको वैकल्पिक समाधानको उपाएलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन् । न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

हाल गाउँपालिकाको मुख्य प्रशासनिक कार्य भाडाको भवनमा सञ्चालनमा रहेको छ, जुन सरसफाई तथा सवारी पार्कीङ्गको दृष्टिकोणले असुरक्षित देखिन्छ । यसका अतिरिक्त गाउँपालिकाका ५ ओटा वडा कार्यालयहरूमध्ये जम्मा २ वडा कार्यालय आफ्नै भवनमा र अन्य भाडाका घरमा सञ्चालन गरी सरकार सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ ।

गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । हाल गाउँपालिकामा विषय क्षेत्रगतसमेत ७४ जना कर्मचारी कार्यरत रहेका छन् ।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति परम्परागत देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन थप सुधार गर्नुपर्ने छ ।

### ७.२.३ सोच

“पारदर्शी, उत्तरदायी र सूचना प्रविधिमा आधाारित चुस्त शासन तथा सेवा प्रवाह”

### ७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने,

२. गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

दीर्घकालीन नीति योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ७४ | ७४ | ७८ | ८२ | ९० |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ३६ | ३६ | ४० | ४२ | ४५ |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ० | ४० | ६० | ८० | १०० |
| संस्थागत स्वमूल्याङ्कन स्कोर | प्रतिशत | ५७.५ | ७० | ७५ | ८० | ८५ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४७९९७ | ४७९९७ | ० | ० | १७७३९ | २८४६७ | १७९१ | ० |
| २०८०/८१ | ५०१५० | ५०१५० | ० | ० | १९२६० | २९०४० | १८४९ | ० |
| २०८१/८२ | ५४३७३ | ५४३७३ | ० | ० | २१६१९ | ३०८१२ | १९४२ | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण तथा अन्य कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | १५२५२० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा स्थानीय नीति र कानून तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिबृद्धि गरी अपेक्षित नतिजा हासिल हुनेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ।

### ७.३.२ समस्या तथा चूनौति

गाउँपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ। राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरु न्युन रहेको छ।

### ७.३.३ सोच

"प्रगतिशिल राजस्व प्रणाली, दिगो र व्यवस्थित स्रोत परिचालन"

### ७.३.४ उद्देश्य

- आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ७.३.५ रणनीति

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,

२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

दीर्घकालीन नीति योजना अनुसार कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | ०७७/७८ सम्मको वास्तविक उपलब्धि | ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | १८ | १८ | २३ | २४ | २६ |
| बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | २२४४ | १९०५ | १९७१ | २१४० | २४०२ |
| कुल बार्षिक बजेट | रु.लाखमा | ४४९९ | ४३२१ | ५३३३ | ५५७२ | ६०४१ |
| बेरुजु रकम | करोड | ० | ० | ० | ० | ० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५३३३ | ५३३३ | ० | ० | १९७१ | ३१६३ | १९९ | ० |
| २०८०/८१ | ५५७२ | ५५७२ | ० | ० | २१४० | ३२२७ | २०५ | ० |
| २०८१/८२ | ६०४१ | ६०४१ | ० | ० | २४०२ | ३४२४ | २१६ | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व, सुचना व्यवस्थापन तथा सुदृढीकरण अन्य कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | १६९४७ | आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा प्रगतिशिल करको दायरा तय गरी राजस्व संकनल बृद्धि गर्न सकिने । स्थानीय बासिन्दामा कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरु बेला सालवसाली रुपमा मात्र तिर्ने वानी भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न परवानीपुरको प्रथम आवधिक योजना तर्जुमा प्रकृयामा रहेको छ । साथै आवधिक योजनाका आधारमा आयोजना वैंक तयार गर्ने र यसै आर्थिक बर्षदेखि मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च

संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन प्रकृया अगाडि बढाईएको छ ।

गाउँसभाबाट न्यायिक समिति, विद्यान समिति, सुशासन समिति र कार्यपालिकाबाट राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने पुर्वतयारी भईरहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ ।

